लोकप्रिय राष्ट्रिय दैनिक

# राजधानी

www.rajdhanidaily.com

ग्राहक प्रति

वर्ष २२, अंक १२० | आइतबार १६ असोज २०७९, नेपाल संवत् ११४२ | RAJDHANI Nepali National Daily | Sunday 2 October 2022 | पृष्ठ : ८ | मूल्य रु. ५/-







## आज फूलपाती भित्र्याइँदै

**काठमाडौं/रास–** आज आइतबार दसैंघर, कोत तथा घरघरमा दसैंको 'फूलपाती' भित्र्याइँदै छ। नवरात्रको सातौं दिन फूलपाती भित्र्याउने चलन छ ।

घटस्थापनाका दिनदेखि वैदिक विधिपूर्वक दुर्गालाई आह्वान गरी पूजाआजा गरिएको दसैंघर अथवा पूजाकोठामा शुभसाइतको प्रतीकका रूपमा उखु, हलेदो, केराको बोट, धानको बाला, बेलपत्र, मानक, कर्चुर, दारिम, जयन्ती, अशोकको फूल र अन्य पालुवा भित्र्याउने गरिन्छ ।

हनुमानढोका दरबार दसैंघरमा गोरखा जिल्लाबाट ल्याइएको फूलपाती भित्र्याउने परम्परा छ । धादिङ जीवनपुरसम्म गोरखा दरबारको दसैंघरका पुजारीसहित मगर जातिका ६ जनाले ल्याउने र धादिङ जीवनपुरदेखि जमलसम्म काठमाडौंबाट गएका ब्राह्मण जातिका ६ जनाले फूलपाती ल्याउने परम्परा रहेको काठमाडौं जात्रा व्यवस्थापन समिति अध्यक्ष राजन महर्जनले जानकारी दिए ।

जमलबाट हनुमानढोकासम्म निजामती सेवाका उच्चपदस्थ अधिकारी, गुर्जुको पल्टन, नेपाली सेनाको ब्यान्डबाजा, पञ्चेबाजा र सांस्कृतिक नाचगानसहितको लावालस्करका साथ फूलपाती ल्याउने परम्परा छ ।

पृथ्वीनारायण शाहले काठमाडौं राज्य जितेपछि गोरखाबाट ल्याएर फूलपाती भित्र्याउने चलन बसेको इतिहास छ । फूलपाती दरबारभित्र भित्र्याउँदा कालो बोका बली दिने चलन छ । यसदिन देशभरका प्रमुख शक्तिपिठ, देवी मन्दिर, नेपाली सेना तथा प्रहरीका तल्लोदेखि उपल्लो तहका अड्डामा बढाईंसाथ फूलपाती भित्र्याउने चलन छ।

बाँकी पृष्ठ २ मा ▸▸

# दसैं टिकटमा सधैं सास्ती

## ■ अनुगमन अभावमा यात्रुको बिचल्ली

**टेनिस रोका/राजधानी**
काठमाडौं

दसैंको बेला वर्षौंदेखि भोग्दै आएको 'टिकट सास्ती'का कारण काठमाडौं उपत्यकाबाट बाहिरिने सर्वसाधारण यसपटक पनि मारमा परेका छन् ।

दसैं मनाउन उपत्यकाबाट गाउँ हिँडेका सर्वसाधारण दोब्बर महँगोसम्म टिकट किन्न बाध्य भएका छन् । यात्रु ठगिरहेको अवस्थामा अनुगमन, सहजीकरण तथा समन्वयको मुख्य जिम्मेवार निकाय ट्राफिक प्रहरी, यातायात व्यवस्था विभागलगायतको भूमिका गौण देखिएको छ ।

नयाँ बसपार्क, कोटेश्वर, कलंकीलगायत स्थानमा टिकट नपाएर अलपत्र यात्रु संख्या ठूलो रहेको पाइएको छ । कतिपय दोब्बर महँगोमा टिकट किन्न बाध्य भएका छन् भने कतिपय उभिएरै यात्र गर्न बाध्य भएका छन् ।

नयाँ बसपार्कमा शनिबार भेटिएका एक यात्रुले काउन्टरमा टिकट सकिएको जनाएपछि दोब्बर महँगोमा टिकट किनेको बताए । 'सबै टिकट बुक भइसक्यो, तपाईं रिजर्भमा जानुहुन्छ भने दोब्बर लाग्छ भनेपछि दोब्बरै महँगो हालेर नै लिएँ, दसैंमा घर जानैपर्‍यो,' उनले राजधानीसँग भने । यातायात व्यवसायी काठमाडौंबाट जाँदा मान्छे भएपछि फर्कंदा रित्तै आउनुपर्ने कारण आउने-जाने रकम जोडेर 'रिजर्भ'मा लाने गरेको तर्क गर्छन् ।

बाँकी पृष्ठ २ मा ▸▸



### '१६ लाख यात्रु बाहिरिए'

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ अध्यक्ष स्वाँरले हालसम्म १६ लाख सर्वसाधारण काठमाडौंबाट बाहिरिएको बताएका छन् । गत १ असोजदेखि अहिलेसम्म १६ लाख यात्रु बाहिरिएको र अझै ५/६ लाख यात्रु बाहिरिने उनको दाबी छ ।

ट्राफिक प्रहरीका अनुसार भने काठमाडौं उपत्यकाबाट बाहिरिने संख्या केही कमी छ । काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार दसैं सुरु भएपछि घटस्थापनादेखि क्रमशः बाहिरिने यात्रु चाप भने बढिरहेको छ। घटस्थापनाका दिन ६० हजार यात्रुले उपत्यका छाडेका थिए । बिहीबार ७१ हजार ७ सय यात्रुले उपत्यका छाडेकामा शुक्रबार उपत्यका छाड्नेको संख्या ८४ हजार रहेको छ । शनिबार करिब २ लाखले उपत्यका छाडेका छन् ।

प्रहरीको अभिलेखभन्दा बाहिर रिजर्भ गरेर विभिन्न नाका हुँदै जाने र निजी सवारीमा जानेको संख्या यकिन नभएकाले उपत्यका छाड्ने संख्या दोब्बर हुन सक्ने अनुमान छ ।

# बन्दसूची संशोधन गर्न दलहरूको दौडधुप

## आज अन्तिम दिन

**राजधानी समाचारदाता**
काठमाडौं

आगामी ४ मंसिरमा हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि समानुपातिक प्रणालीतर्फको संशोधित बन्दसूची दलहरूले आज आइतबार निर्वाचन आयोगमा बुझाउँदै छन् ।

आयोगले गत २ र ३ असोजमा प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन समानुपातिक प्रणालीतर्फको बन्दसूची बुझाउन दलहरूलाई समय दिएको थियो। बन्दसूचीमाथिको संशोधनका लागि आयोगले १० देखि १६ असोजसम्मको समय दिएको हो ।

त्यस्तै, बन्दसूचीमा परेका तर उम्मेदवार बन्न नचाहने व्यक्तिले नाम फिर्ता लिन चाहेमा १७ असोजमा फिर्ता लिन सक्ने आयोगको कार्यतालिकामा उल्लेख छ । सोबारे आयोगले दलहरूलाई सोही दिन नै जानकारी दिने कार्यक्रम छ ।

यसरी रिक्त हुन आउने स्थानमा दलहरूले सोही समूहमा अर्को उम्मेदवारलाई मनोनयन गर्न सक्नेछन्। यसका लागि २० देखि २२ सम्मको समय आयोगले दलहरूलाई दिएको छ।

यसैगरी, २२ असोजमा उम्मेदवार बन्दसूचीको सूचना प्रकाशन, २३ देखि २९ असोजसम्म बन्दसूचीमा नाम समावेश उम्मेदवारको योग्यतासम्बन्धी दाबीविरोधका लागि निवेदन दिने, ३० असोजमा दाबीविरोध निवेदनमाथि जाँचबुझ गरी निर्णय लिने र ८ कात्तिकमा बन्दसूचीबाट उम्मेदवारको नाम हटेको सूचना प्रकाशन तथा ९ कात्तिकमा उम्मेदवारको बन्दसूची अन्तिम रूपमा प्रकाशन गर्ने कार्यक्रम छ ।

### प्रत्यक्षतर्फ उम्मेवारी दर्ता २३ असोजमा

आयोगले प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) निर्वाचन प्रणालीतर्फ २३ असोजमा उम्मेदवार मनोनयनपत्र दर्ता र मनोनयनपत्र सूची प्रकाशन कार्यक्रम तय गरेको छ ।

आयोगले प्रत्यक्ष निर्वाचन प्रणालीतर्फ उम्मेदवार हुन चाहने उम्मेदवारका लागि २३ असोजमा मनोनयनपत्र दर्ताको समय तोकेको हो । तोकेको प्रत्यक्ष निर्वाचन कार्यक्रमअनुसार २४ असोजमा उम्मेदवारको विरोधमा उजुरी दिने, २४ देखि २५ असोजसम्म मनोनयनपत्र र उजुरीमाथि जाँचबुझ गरी निर्णय गर्ने तालिका छ ।

बाँकी पृष्ठ २ मा ▸▸

C M Y K

# गठबन्धनमा सिट बाँडफाँट लफडा

## चुनावपछिको सत्ता मुख्य कारक, विकल्प खोज्दै जसपा

**महेश्वर गौतम/राजधानी**
काठमाडौं







प्रतिनिधिसभा र प्रदेशसभाको प्रत्यक्षतर्फको सिट भागबन्डाका विषयमा सत्ता गठबन्धनभित्र विवाद बढेको छ ।

४ मंसिरमा हुने निर्वाचनपछि केन्द्र सरकार र प्रदेश सरकारको हिसाबकिताबमा मुख्य तीन दलको नजर पर्दा गठबन्धनभित्र चुनावी तालमेलको लफडा बढ्दै गएको छ ।

पाँच दलीय सत्ता गठबन्धनमा नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, जसपा, नेकपा एकीकृत समाजवादी र राष्ट्रिय जनमोर्चा छन् । यी पाँच दलबीचमा प्रतिनिधिसभाको प्रत्यक्षतर्फको कुल १ सय ६५ सिटमध्येबाटै भागबन्डा हुनुपर्छ । तर, गठबन्धनको मुख्य घटक कांग्रेस र नेकपा माओवादी केन्द्र चुनावपछिको सरकारमा आफ्नो दबदबा देखाउनेगरी तालमेलको भागबन्डामा अडानमा छन् । यसैगरी, प्रदेशसभा निर्वाचनतर्फ पनि कांग्रेस र माओवादी केन्द्रले आफ्नो दबदबा कायम राख्न चाहेका छन् । चुनावपछिको सरकारको अंकगणितलाई जोगाउने गरेर मुख्य दल नै अडानमा रहँदा गठबन्धनबीच चुनावी तालमेलमा हिसाब मिल्न नसकेको हो ।

गठबन्धनभित्रको एउटा घटक जसपा पनि ४ मंसिरको निर्वाचनपछि पनि केन्ददेखि प्रदेशको सत्तामा आफ्नो दाउलाई कायम राख्न चाहन्छ । सो दल प्रदेशतर्फ मधेस प्रदेशमा रहेको आफ्नो नेतृत्वको सत्ता निर्वाचनपछि पनि कायम राख्ने दाउमा छ ।

गठबन्धनभित्रको दल राष्ट्रिय जनमोर्चाका सचिव हिमलाल पुरीले गठबन्धनका बीच मुख्य अडान कांग्रेस र माओवादीबाट देखिँदा समस्या भइरहेको बताउँछन् । 'तालमेलमा समस्या मुख्य दलबाटै छ, चुनावपछिको सरकार प्रदेश र केन्द्रमा के हुन्छ ?, बहुमत पुग्छ कि पुग्दैन भन्ने हिसाबकिताबले समस्या देखिएको छ, जसपा पनि मधेस प्रदेशमा सरकारको हिसाब किताब गरिरहेको छ, समस्या सबैतर्फ छ,' जनमोर्चाका सचिव पुरीले राजधानीसँग भने ।

गठबन्धनभित्र भागबन्डा लागी बनेको पछिल्लो खाका कांग्रेस ८५, माओवादी केन्द्र ४६, जसपा १५ र एकीकृत समाजवादी १७ र जनमोर्चा २ सिटको बनेको छ । तर, जसपा एकीकृत समाजवादीलाई भन्दा तल्लो संख्या लिनेगरी गठबन्धनमा बस्न तयार देखिएको छैन । उसले एकीकृत समाजवादीभन्दा बढी संख्या दाबी गरिरहेको छ ।

सिट बाँडफाँटका लागि सत्तारूढ दलले बनाएको कार्यदलका एक सदस्यले कार्यदलले बनाएको सहमतिको मस्यौदाको खाकामा जसपाले असन्तुष्टि राखेको बताए । 'कार्यदलले एक किसिमको मोडालिटी बनायो तर जसपा मान्न तयार छैन, शनिबारको बैठक त्यही कारण बस्न सकेन,' कार्यदलका ती सदस्यले राजधानीसँग भने ।

जसपाले भने शनिबार बसेको पार्टीको कार्यकारिणी समितिको बैठकबाट सत्तारूढ गठबन्धनको सिट बाँडफाँटका लागि भइरहेको छलफल सन्तोषजनक नभएको निष्कर्ष निकालेको छ । उसले बैठकबाट आगामी निर्वाचनका लागि अन्य राजनीतिक दलसँग पनि चुनावी तालमेल खुला गर्ने निर्णय गरेको छ ।

बैठकपछि जारी विज्ञप्तिमा भनिएको छ, 'सम्भव भएसम्म विकल्पका रूपमा अन्य राजनीतिक दलसँग पनि निर्वाचनमा सिटको तालेमल गर्न सकिनेछ ।'

# माओवादीका १५० नेता–कार्यकर्ता एमाले प्रवेश

**राजधानी संवाददाता**
ललितपुर

नेकपा माओवादी केन्द्रीय सदस्य तथा ललितपुर क्षेत्र २ बाग्मती प्रदेशसभाका आकांक्षी उम्मेदवार सरोज डंगोलसहित १ सय ५० भन्दा बढी नेता-कार्यकर्ता नेकपा एमाले प्रवेश गरेका छन् ।

ललितपुर च्यासलस्थित तुल्सीलाल प्रतिष्ठान हलमा शनिबार सम्पन्न कार्यक्रमबीच अध्यक्ष केपी शर्मा ओलीले उनीहरूलाई माला लगाएर पार्टी प्रवेश गराएका हुन् ।

पार्टी प्रवेश गर्नेमा माओवादीसहित कांग्रेस नेता-कार्याकर्तासमेत रहेको एमाले ललितपुर अध्यक्ष पुरुषोत्तम आचार्यले जानकारी दिए । डंगोलसँगै ललितपुरमा गठबन्धनका तर्फबाट उपप्रमुखका उम्मेदवार बनेका नेकपा माआवादीका ललितपुर महानगर अध्यक्ष बाबुराजा बज्राचार्य, महानगर कमिटी वरिष्ठ उपाध्यक्ष आमिर साखः, माओवादी सहकारी केन्द्रीय विभाग सदस्य तथा ललितपुर जिल्ला बचत संघ अध्यक्ष रामहरी बजगाईं एमाले प्रवेश गरेका छन् ।

त्यस्तै, नेकपा माओवादी ललितपुर सहकारी विभाग प्रमुख रुपेश तिमल्सिना, कोषाध्यक्ष राजेन्द्र घिमिरे, सदस्यहरू नवराज विष्ट, नवराज सिवाकोटी तथा कान्छा बज्राचार्य एमाले प्रवेश गरेका छन् ।

ललितपुर महानगरपालिका, महालक्ष्मी नगरपालिका तथा गोदावरी नगरपालिकाका नेकपा माओवादी तथा नेपाली कांग्रेसको विभिन्न भूमिकामा रहेका अगुवा नेता-कार्यकर्ता पनि एमाले प्रवेश भएको एमाले ललितपुर अध्यक्ष आचार्यले जानकारी दिए ।

# चुनावी घोषणापत्रको अन्तिम गृहकार्यमा दलहरू

## दसैंलगत्तै सार्वजनिक गर्ने तयारी

**सुभाष साह/राजधानी**
काठमाडौं

आगामी ४ मंसिरमा हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि प्रमुख राजनीतिक दल घोषणापत्र लेखनको आन्तरिक गृहकार्यमा जुटेका छन् । दसैं सकिनेबितिकै घोषणापत्र सार्वजनिक गर्ने उनीहरूको तयारी छ ।

समानुपातिकतर्फ बन्दसूची बुझाइसकेका राजनीतिक दल त्यसमा सच्याउँदै प्रत्यक्षतर्फ सिट बाँडफाँट र टिकट वितरणको अन्तिम गृहकार्यमा जुटेका छन् । टिकट बाँडफाँट र वितरण सकिएर घोषणापत्र सार्वजनिक गर्ने योजना उनीहरूको छ । नेपाल कम्युनिस्ट पार्टी (एमाले), नेपाली कांग्रेस, नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र), नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी नेपाल (जसपा), लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (लोसपा)सहित साना दल घोषणापत्र लेखनको अन्तिम तयारीमा छन् ।

विगतका प्रतिबद्धता सत्तामा पुगेपछि पूरा नगरेको भन्दै स्वतन्त्र उम्मेदवारतर्फ आकर्षित सर्वसाधारणलाई दलहरूले 'महत्त्वकांक्षी' योजनासहित आफूतर्फ आकर्षित हुनेगरी घोषणापत्र ल्याउने तयारी गरेका छन् । शिक्षा, स्वास्थ्य, खानेपानीदेखि रेल, बिजुलीसहित महत्त्वकांक्षी योजना समेटेर घोषणापत्र ल्याउने उनीहरूले बताएका छन् ।

**नेकपा एमाले**

प्रमुख प्रतिपक्षी एमाले अध्यक्ष केपी शर्मा ओलीकै संयोजकत्वमा आठ सदस्यीय समिति गठन गरेरै घोषणापत्र निर्माणमा केन्द्रित भएको छ ।

पार्टी वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, महासचिव शंकर पोखरेलसहित शीर्ष नेताको टोली घोषणापत्रको मस्यौदा गरिरहेको छ । एमाले उपमहासचिव एवं प्रवक्ता पृथ्वीसुब्बा गुरुङ दसैं-तिहारबीच घोषणापत्र सार्वजनिक गर्ने तयारीमा आफूहरू रहेको बताउँछन् । उनका अनुसार प्रत्यक्ष र समानुपातिकतर्फको टिकट वितरण तथा बन्दसूचीलगायत सकेर घोषणापत्रलाई अन्तिम रूप दिने र सार्वजनिक गरिनेछ ।

गत १५ भदौसम्म पार्टीका सबै तह र जनवर्गीय संगठनबाट सुझाव संकलन गरिसकिएको र २५ असोजसम्म सर्वसाधारण र विज्ञका माध्यमबाट आएका ग्रहणयोग्य सुझाव लिएर घोषणापत्रलाई अन्तिम चरणमा पुर्‍याइने भएको छ ।

**नेपाली कांग्रेस**

सत्तारूढ कांग्रेसले पनि समिति नै बनाएर घोषणापत्र लेखन कार्य थालेको छ । कांग्रेसले महामन्त्री विश्वप्रकाश शर्मा नेतृत्वमा गठित समितिले घोषणापत्रलाई अन्तिम रूप दिएपछि सार्वजनिक गर्ने योजनामा कांग्रेस छ ।

कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले घोषणापत्र तयारी समितिले जनभावना प्रतिनिधित्व गर्नेगरी सर्वसाधारणको सुझाव संकलन कार्य सम्पन्न गरिएको जानकारी दिए । घोषणापत्रलाई अन्तिम रूप दिएर छिट्टै सार्वजनिक गर्ने तयारी गरिएको छ ।

**नेकपा माओवादी केन्द्र**

नेकपा माओवादी केन्द्रले घोषणापत्र निर्माण तीव्र बनाएको छ । माओवादी केन्द्रका सचिव एवं घोषणापत्र मस्यौदा समिति सदस्य गणेश शाहले घोषणापत्रलाई अन्तिम रूप दिनमात्र बाँकी रहेको बताए ।

विभिन्न क्षेत्रबाट महत्त्वपूर्ण सुझाव प्राप्त भएको बताउँदै उनले ती सुझाव समावेश गरेर दसैंलगत्तै घोषणापत्र सार्वजनिक गरिने जानकारी दिए ।

माओवादीले वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठको संयोजकत्वमा १७ सदस्यीय मस्यौदा समिति गठन गरेरै घोषणापत्रको मस्यौदा तयार गरिरहेको छ ।

**नेकपा एस**

एकीकृत समाजवादीले उपमहासचिव गंगालाल तुलाधर नेतृत्वमा तीन सदस्यीय घोषणापत्र लेखन समिति गठन गरेको छ । जसमा पार्टीका उपमहासचिवद्वय प्रकाश ज्वाला र डा.विजय पौडेल छन् ।

एकीकृत समाजवादी उपमहासचिव एवं प्रवक्ता जगन्नाथ खतिवडा घोषणापत्र लेखनले अन्तिम रूप लिएको बताउँछन् । यद्यपि, सार्वजनिक भने गठबन्धनले सिट बाँडफाँट गरेपछि मात्रै हुने उनले जनाए ।

**नेपाल समाजवादी पार्टी**

माओवादी केन्द्र र डा. बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टी एउटै चुनाव चिह्न र घोषणापत्रमा निर्वाचनमा सहभागी हुँदै छन् ।

# जहाँ दसैंको रौनकले छुँदैन

**नवीन लुईटेल/राजधानी**
ललितपुर

देशभर दसैंको माहोल चलिरहँदा ललितपुर खोकनामा भने त्यसको कुनै चहलपहल छैन । बरु, त्यहाँका बासिन्दा परम्परागत सिकाली जात्रा मनाउन तल्लीन छन् ।

ललितपुर महानगर-२१ मा पर्ने खोकनामा दसैं नभए पनि सिकाली जात्राकै तामझाम रहेको स्थानीय हिसिला महर्जन बताउँछिन् । घटस्थापनाबाट सुरु जात्रा शुक्रबार फूलपातीका दिन सकिँदै छ । 'दसैं नमनाउने गाउँ' भनेर चिनिने खोकनामा सिकाली देवी खटमा राखेर नगरपरिक्रमा गर्ने चलन छ ।

जात्राको पहिलो दिन कालो राँगा बलि दिने जात्रा करिब एक साता चल्छ । पहिलो दिन बलि दिएपछि सिकाली चौरमा रहेको देवीलाई चढाउने परम्परा छ । त्यहीँ राँगाको मासु तीन गुठीका करिब ७ सय गुठियारले 'प्रसाद'का रूपमा बाँडेर खाने चलन छ ।

यो जात्रा मनाउन तगु गुथी र सना गुथीका, विवाह नगरेका कुमार केटाले घरघरमा गई पूजा सामान लिन जाने परम्परा छ । सिकाली जात्रा सुरु भएको सूचना दिन घरघरबाट पूजा सामग्री संकलन गरी मध्याह्नमा सिकाली देवीको पूजा गरिने परम्परा रहेको महानगरपालिका वडा २१ अध्यक्ष रवीन्द्र महर्जन बताउँछन् ।

जात्राकै अवसरमा खोकनामा सिकाली नाचसमेत देखाइन्छ । घटस्थापनादेखि नै



चहलपहल सुरु हुने जात्रामा सिकाली देवी जात्रा मनाउने भएकाले जमरा राखेर दसैं मनाउने चलन छैन । सिकाली नाचमा रदायणी गुठीका ४६ कलाकारले पालैपालो नाच देखाउँछन् ।

रुद्रायणी, ब्रम्हायणी, कुमार, गणेशलगायत १४ जनाले देवीदेवताको वेशभुषामा र अरूले बाजा बजाउने र गीत गाउने तान्त्रिक विधिबाट कला देखाउँछन् । ती कलाकारले फूलपातीकै दिन नाच देखाएपछि देवीको खट भोलिपल्ट मन्दिरमा लगिन्छ ।

खोकनावासीले सिकाली जात्रालाई नै दसैं मानेर आफन्तजन बोलाउने चलन छ । रुद्रायणी देवता मण्डलले खोकनामा तः गुठी, सालाः गुठी, जउँ गुठीसँग मिलेर सिकाली जात्रा निकाल्ने गर्छ । तृतीयादेखि सुरु हुने जात्रा षष्ठीका दिन देवताका विभिन्न स्वरूपमा मुकुण्डो लगाएका १४ र अरू वाद्यवाधकसहित ४६ जना मिलेर खोकना परिक्रमा गरिन्छ । स्कन्दपुराणको माघ महात्म्यमा उल्लेख भएअनुसार दक्ष प्रजापतिको यज्ञलाई महाकाली र वीरभद्रलगायत सैन्यगणले विध्वंश गरी देवगणसमेत तितरबितर पारेको धार्मिक कथाका आधारमा गरिने जात्रामा शनिबार बिहानै सिकाली चौरमा मण्डप बनाएर यज्ञ लगाइएको थियो । सोही यज्ञलाई वीरभद्र र महाकालीले ध्वस्त बनाएका थिए । गुभाजु र पाँच थकाली बसेर यज्ञ गरिने परम्परा छ । त्यस अवसरमा तीन गुठीका छुट्टाछुट्टै जीवित देवता महाबुदेय शक्ति चढेर भातको प्रसाद दिने चलन छ ।

## प्रत्यक्षतर्फ...

यसैगरी, २५ असोजमा उम्मेदवार नामावली प्रकाशन र २६ असोजमा नाम फिर्ता लिन चाहनेले सोही दिन फिर्ता गर्ने तथा सोही दिन नै अन्तिम नामावली प्रकाशन तथा निर्वाचन चिह्न प्रदान गरिने आयोगको कार्यतालिकामा उल्लेख छ ।

आयोगले प्रतिनिधिसभा र प्रदेशसभा सदस्य उम्मेदवार हुन मनोनयन दर्ताको मितिसम्म २५ वर्ष उमेर पूरा भएको नेपाली नागरिकले मात्रै उम्मेदवारी दिन सक्ने जनाएको छ ।

त्यस्तै, उम्मेदवार हुन इच्छुक व्यक्ति कुनै संघीय कानुनले अयोग्य नभएको र कुनै लाभको पदमा बहाल नरहेको हुनुपर्ने आयोगको मनोनयनपत्र दर्तासम्बन्धी जानकारीमा उल्लेख छ । आयोगका अनुसार मनोनयनपत्र दर्ताका लागि उम्मेदवार आफैं उपस्थित हुनुपर्ने वा तिनका प्रतिनिधि, प्रस्तावक वा समर्थकले निर्वाचन अधिकृतसमक्ष दर्ता गर्नुपर्नेछ ।

यसैगरी, सम्बन्धित निर्वाचन क्षेत्रको अन्तिम मतदाता नामावलीमा नाम भएका व्यक्ति उम्मेदवारको प्रस्तावक वा समर्थक हुन पाउनेछन् । आयोगले मनोनयनपत्र दर्ता गर्दा प्रतिनिधिसभा सदस्यका लागि १० हजार र प्रदेशसभा सदस्यका लागि ५ हजार धरौटी रकम तोकेको छ । महिला, दलित वा अल्पसंख्यक समुदाय वा आर्थिक रूपले विपन्न उम्मेदवारको हकमा भने धरौटी रकममा ५० प्रतिशत छुट हुनेछ ।

## दसैं टिकटमा...

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ अध्यक्ष विजय स्वाँर यात्रुले सास्ती भोग्नुपरेको सत्य भएको स्वीकार्छन् । 'यात्रुले सास्ती भोग्नुपरेको शतप्रतिशत सही हो, बाटो मर्मतसम्भार सरकारले नगरेकाले समयमा गन्तव्य पुर्‍याउन र ल्याउन सकिएन,' उनले राजधानीसँग भने ।

अध्यक्ष स्वाँरका अनुसार यातायात समिति हुँदा समितिले नै १०/१५ हजार दिएर गाडी पठाउने गरे पनि अहिले समिति नै खारेज भएपछि यात्रु समस्यामा परेका हुन् ।

दसैंका लागि सबै टिकट बुक भइसकेको जनाउँदै उनले अहिले जान चाहनेलाई लोकल गाडी व्यवस्थापन गरेर पठाउने कार्य भइरहेको जानकारी दिए ।

यात्रुले भने व्यवसायीले 'सबै टिकट बुक भइसकेको जनाएर महँगोमा बेच्ने गरेको' आरोप लगाएका छन् । नियमित गुड्ने गाडी पनि 'रिजर्भ'का रूपमा राखेर महँगो भाडा असुल गरेको उनीहरूको गुनासो छ ।

यातायात व्यवस्था विभाग, यातायात व्यवसायी, प्रहरीलगायतको समन्वयमा गत १ असोजदेखि दसैंका लागि अग्रिम टिकट बुकिङ खुला गरिएको थियो । दसैंमा आज र भोलिसम्म घर फर्कनेको चाप लाग्ने गर्छ ।

सरकारले दसैंका लागि रुट पर्मिट खुला गरेको छ । सरकारी तहबाट दसैंको टिकटका लागि सहजीकरण, समन्वय तथा अनुगमनका लागि अन्य प्रभावकारी काम भने भएको पाइएको छैन ।

**बाहिरिने लामो जाम**

काठमाडौं उपत्यकाबाट बाहिरिनेको संख्या बढेसँगै मुख्य नाका पृथ्वी राजमार्गअन्तर्गत नागढुंगा र बीपी राजमार्ग कोटेश्वरबाट विभिन्न ठाउँ सवारीको लामो जाम लाग्न थालेको छ ।

काठमाडौं नागढुंगामा सवारीसाधनको चाप बढेकाले त्यहाँबाट सुरु लाइन शनिबार बिहान र बेलुका थानकोटसम्म आइपुगेको थियो । बीपी राजमार्गका विभिन्न सडकमा पनि लामो लाइन लागेको छ । ट्राफिक प्रहरीलाई जाम खुलाउन हम्मे परेको पाइएको छ । लामो सवारी जामका कारण मुख्य नाकामा गरिने भनिएको अनुगमन तथा चेकजाँचसमेत प्रभावित रहेको पाइएको छ ।

## आज फूलपाती...

फूलपाती भित्र्याउने साइतअनुसार टुँडीखेलमा नेपाली सेनाले फूलपातीको बढाईं जात्रा प्रस्तुत गर्ने गर्छन् । नेपाली सेनाको टुकडीले तोप पड्काउँदै हर्ष बढाईं गर्ने प्रचलन परम्परादेखि नै चल्दै आएको छ । घटस्थापनाका दिन जमरा राखिएको पूजाकोठामा आजै नै फूलपातीका दिन कालरात्रि देवीको पूजा गरिँदै छ । कालो वर्ण भएकी कालरात्रि देवीको वाहन गधा हो भने देवीले क्रोधमा आगो निकाल्छिन् । चार हात भएकी देवीको चारै हातमा तरबार, मसाल र वरमुद्रा लिएकी हुन्छिन् ।

यिनै देवीले भुइँमा झरेको हरेक थोपा रगतबाट पुनर्जीवन पाउने 'रक्तबिज' नामक दैत्यको संहार गरेकी हुन् । फूलपातीदेखि नै दोबाटो, चौबाटो, चौतारो र खुला स्थानमा हालिने लिंगे पिङ, डोडे पिङ र रोटे पिङ हाल्ने गरिन्छ । दसैंको विशेष रौनक फूलपातीबाट सुरु हुन्छ । यसै दिनबाट सरकारी कार्यालय बन्द हुने भए पनि अघिल्लो दिनै शनिबार परेकाले बिदा सुरु भइसकेको छ ।

**टीका साइत दिनभर**

विजयादशमी टीकाको उत्तम साइत बुधबार बिहान ११ बजेर ५१ मिनेट रहेको छ । सोही दिन बिहान १० बजेर ३४ मिनेटमा घटस्थापनाका दिन थापिएको देवी भगवती विसर्जन गरिने शुभसाइत छ ।

नेपाल पञ्चांग निर्णायक समिति सदस्य प्राडा देवमणि भट्टराईका अनुसार १९ असोजका दिन देवी विसर्जन गरिएपछि प्रसादस्वरूप टीकाजमरा लगाउने परम्परा छ । त्यस दिनभर नै टीका लगाउँदा राम्रो हुने भट्टराई बताउँछन् । शास्त्रीय मान्यताअनुसार सामान्य मानिसलाई टीकाप्रसाद ग्रहण गर्न साइत नचाहिने उनले बताए । विजया दशमीदेखि कोजाग्रत पूर्णिमासम्म देवीको प्रसाद ग्रहण गर्न हुने मान्यता भए पनि स्थानअनुसार फरकफरक छ । यसअघि १७ असोज सोमबार महाअष्टमी र त्यसैदिन राति कालरात्रि पूजा गर्नुपर्ने पनि समितिले जनाएको छ । १८ असोज मंगलबार महानवमी परेको छ । यसपालि एउटा तिथि टुटेकाले १४ दिनको दसैं रहेको छ । द्वादशी र त्रयोदशी २१ असोजमै परेको छ । १० असोज सोमबार घरघरमा जमरा राखेर सुरु दसैं २३ असोजमा पर्ने कोजाग्रत पूर्णिमाका दिनबाट सकिनेछ


**Rapti Municipality**
**Office of Municipal Executive**
**Bhandara, Chitwan**
**Bagmati Province, Nepal**

**Invitation for National Competitive Bidding**

**Date of Publication: 16th Asoj 2079 (2nd October, 2022)**

Rapti Municipality, Office of Municipal Executive, Bhandara, Chitwan invites **online bids only** under E-procurement system from eligible bidders for the Following Works given below under National Competitive Bidding procedures. All other information and Bid Document can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit E-Bid only as per instructions within the mentioned period.

| S. N. | Contract ID | Works Descriptions | Estimated amount Without VAT | Bid Security Amount |
|---|---|---|---|---|
| 1 | 001/Works/NCB /RM/079/080 | Construction Of Prefab Building For Bhandara Hospital | NRs. 4672958.43 | NRs. 1,40,000.00 |
| 2 | 002/Works/NCB /RM/079/080 | Construction Of Blacktopped Road from Ghalan chowk to East | NRs. 18,19,058.59 | NRs. 55,000.00 |
| 3 | 002/Works/NCB /RM/079/080 | Construction of Blacktopped Road A) Deurali Chowk To Jhyalchaur B) Namuna Smiriti Road | NRs. 34,48,866.08 | NRs. 1,00,000.00 |

Last Date of Bid Submission 15th Karthik, 2079 (1st November, 2022) till 12:00
Bid validity period should be 90 days and Bid Security Shall be valid for 30 days beyond bid validity
For Purchasing of bid Document, the office Bank Details are Given Below
NRs.: 3000, Bank: NIC Asia Bank Ltd., Account No: 0982050029409002
Account Name: Rapti Municipality, Office of Municipal Executive, Bhandara, Chitwan

# नगरप्रमुख हमालले सेवासुविधा रकम सामाजिक कार्यमा सुम्पिए

**राजधानी संवाददाता**
टीकापुर



धनगढी उपमहानगरपालिकाका नगरप्रमुख गोपाल हमालले तीन महिनाको सेवासुविधाबापत पाउने रकम सामाजिक कार्यमा लगाउने घोषणा गरेका छन्। साउन, भदौ, असोज र पर्व खर्चबापत पाएको २ लाख ६७ हजार ८ सय रुपैयाँ सामाजिक कार्यका खर्च गर्ने उनले घोषणा गरेका हुन्।

नगरप्रमुख हमालले प्राप्त रकमबाट धनगढीमा रहेका विभिन्न विद्यालयमा अध्ययनरत विद्यार्थी तथा सामाजिक संस्थामा आश्रित २ सय ६९ जनालाई पोसाक किनिदिने बताए।

दक्षिणकाली अधारभूत बहिरा विद्यालय बेलाका १ सय ५ विद्यार्थी, दृष्टि फाउन्डेसनका ५५ जना आश्रित, मानव सेवा आश्रममा रहेका ५६ जना, आमाको माया छात्रावासमा रहेका ३० जना, गेटा अपांग समाजका पाँच जना र पञ्चोदय माविमा अध्ययनरत १८ जना दृष्टिविहीन विद्यार्थीलाई पोसाक किनिदिने भएको छ।

नगरप्रमुख हमालले निर्वाचित भइसकेपछि पालिकाबाट कुनै सेवासुविधा नलिने घोषणा गरेका थिए।

उनले ७९ हजार ६ सयका दरले साउन, भदौ र असोजको सेवासुविधा र २ ९ हजार पर्व खर्च गरी २ लाख ६७ हजार ८ सय रुपैयाँ बुझेको बताए। यसअघि हमालले असार महिनाको सुविधा दक्षिणकाली बहिरा आधारभूत आवासीय विद्यालयलाई हस्तान्तरण गरेका थिए। उनले उपमहानगर-११ मा रहेको बहिरा आधारभूत विद्यालयलाई असार महिनाको सुविधाबापतको रकम ८१ हजार ५ सय ७६ रुपैयाँ हस्तान्तरण गरेर सहयोग गरेका छन्।

जेठको २३ दिनको हुन आउने ५५ हजार ६ सय ८७ रुपैयाँ ८३ पैसा रकम धनगढी उपमहानगरपालिका-३ मा रहेको गौ संरक्षण सेवा समितिलाई हस्तान्तरण गरिएको छ।

चुनावअघि उनले धनगढी उपमहानगरपालिकाबाट कुनै सेवासुविधा नलिने प्रतिबद्धता गरेका थिए। सोही प्रतिबद्धताअनुसार आगामी पाँच वर्षसम्म हरेक महिना उपमहानगरबाट पाउने सुविधा आफूले नलिई समाजसेवामा लगाउने बताएका थिए।

# भूमाफियाद्वारा अतिक्रमित सार्वजनिक जग्गा खाली गराउन माग




**ईश्वर तामाङ/राजधानी**
उदयपुर

भूमाफियाले अतिक्रमण गरेको हात्तीमारा खोला र अतिक्रमित सार्वजनिक जग्गा तत्काल खाली गराउन माग गरेको छ।

उदयपुर सदरमुकाम गाईघाट बजार भएर बग्ने हात्तीमारा खोला र अतिक्रमित सार्वजनिक जग्गा गराउन माग गर्दै स्थानीयवासीले त्रियुगा नगरपालिकाको मूल गेटमा धर्ना दिएका थिए।

हात्तीमारा खोला खोज्ने सार्वजनिक सरोकार समितिले त्रियुगा नगरपालिकाको मूल गेटमा अतिक्रमित सार्वजनिक जग्गा खाली गर, सार्वजनिक जग्गाको अतिक्रमण बन्द गर, हात्तीमारा खोला खोई ? जस्ता प्लेकार्ड बोकेर धर्नामा बसेका थिए।

३ किलो मिटर लामो हात्तीमारा खोला अहिले भूमाफियाको अतिक्रमणको चपेटामा परेको छ। नापी शाखाको नक्सामा हात्तीमारा खोला ५ देखि ३० मिटरको चौडाइ भएको खोला हो। तर, अहिले भूमाफियाले खोला पुरेर अतिक्रमण गरेको छ। नक्सा अनुसार ३ किलोमिटर लम्बाइको हात्तीमारा खोलाको ५ मिटर देखि ३० मिटरसम्मको चौडाइले करिब ४६ बिघा जग्गा अतिक्रमणमा परेको हो।

हात्तीमारा खोला पुरेर भूमाफियाले ऐलानी जग्गा हो भन्दै बिक्री गर्ने गरेको पाइन्छ। हात्तीमारा खोला खाली गराई दिन स्थानीयले जनप्रतिनिधिसँग आग्रह गरेक छिन्। झन्डै एक दशकअघि गाईघाट बजार प्रवेशद्वारा भएर बग्ने हात्तीमारा खोला यतिखेर अतिक्रमणको चपेटामा परी खोलामा पुरै बस्ती बसिसकेको छ। तत्काल हात्तीमारा खोला पहिलेकै अवस्थामा त्यहाँबाट बस्ती खाली गराई नदी पहिल्यकै अवस्थामा ल्याई दिन स्थानीयले माग गर्दै धर्ना दिएका हुन्। हात्तीमारा खोलालाई पहिल्यकै अवस्थामा बग्न दिनुपर्ने माग राख्दै स्थानीय खेमनारायण यादव (राहुल) दिनेश साह, शशि तुलाधरको समूहले अभियान सञ्चालन गर्दै तत्काल हात्तीमारा अतिक्रमण हटाउन माग गरेको हो। हात्तीमारा खोलाको अतिक्रमण हटाउन उनीहरूले एक महिनाअघि पनि त्रियुगा नगरपालिकाका नगर प्रमुख वसन्तकुमार बस्नेतलाई ज्ञापनपत्र बुझाएको बताएका थिए।

त्रियुगा नगरपालिका नगर प्रमुख वसन्तकुमार बस्नेत र उपमेयर महेश्वरी राईलाई ज्ञापनपत्र बुझाइएका थिए। काठमाडौंमा टुकुचा नदी खोजी कार्य तीव्र रूपमा भइरहँदा प्रभाव स्वरूप स्थानीय युवाहरूको सक्रियतामा हात्तीमारा खोलामा बसेको बस्ती तत्काल खाली गराउन उनीहरूले नगर प्रमुखसँग आग्रह गरेका थिए।

उनीहरूले भने, 'भूमाफियाका कारण हेर्दा, हेर्दै खोलाको अस्तित्व सकियो। खोला बग्ने ठाउमा अहिले कंक्रिटका ठूलाठूला घर बनेका छन्।' खोला, अतिक्रमण हटाउने अभियानका यादवले भने, 'हात्तीसमेत डुबेर मरेको हुनाले यसको नाम हात्तीमारा खोला रहन गएको हो अभियन्ताले भने। खोलाको नाम कालान्तरमा हात्तीमारा हुन गएको थियो। १२ महिना पानी बगिरहने खोलाको गहिराइसमेत निकै धेरै भएकाले स्थानीय पौडी खेल्न जाने गर्थे। गाईघाट बजार विस्तारसँगै कतिबेला हात्तीमारा खोला करिब १२ वर्षअघिबाट अतिक्रमणको चपेटामा परेको हो।

उनले भने, 'भूमाफियाले मालपोतका कर्मचारीसँग मिलेमतो गरी खोलाको जग्गा आफ्नो नाममा ल्याएर बिक्री गरिसकेको भनिएको छ। हामीले चासो देखाएर जनप्रतिनिधिलाई खबरदारी गरिसकेका छौं। उनीहरूले चाँडोभन्दा चाँडो खोजी गर्नुपर्‍यो,' उनले भने, 'उनले भने हाम्रो यो अभियानमा सबैबाट सहयोगको उपेक्षा गरेको बताए। त्रियुगा नगरपालिका-१२ का पूर्व वडाअध्यक्ष जयविक्रम राईले भूमाफियाहरूले कर्मचारीसँगको मिलेमतोमा जग्गा आफ्नो नाममा ल्याएर बिक्री गरिसकेकाले सो कार्यमा संलग्न व्यक्तीको खोजी गरेर कारबाहीको दायरामा ल्याउनुपर्ने बताए। जनप्रतिधिबाट सबै कुराको खोजी गरी यथार्थ कुरा बाहिर ल्याउनुपर्‍यो,' उनले भने।

खोला बिक्री गर्ने कार्यमा कोको संलग्न छन्। कसरी व्यक्तिको नाममा जग्गा दर्ता गरियो। त्यो सबै खोजी तत्काल खोजी गरिनुपर्नेमा जोड दिए। खोला अतिक्रमण गरिएको बारे तत्काल खोजी कार्य थालिएको त्रियुगा नगरपालिकाकी उपप्रमुख महेश्वरी राईले धर्नामा बसेकालाई प्रतिबद्धता व्यक्त गरिन्। खोलाको अस्तित्व नै समाप्त गरिछ। उनले भने, ' नगरपालिकाले त्यहाँको नक्सा तथा कागजात खोज्ने काम भइरहेको छ। यथार्थ के हो तत्काल पत्ता लगाउने नगर उपप्रमुख राईले बताइन्।

## ताप्ली गाउँपालिकाद्वारा भाडादर निर्धारण

**ईश्वर तामाङ/राजधानी**
उदयपुर

उदयपुरको पश्चिम पहाडी ताप्ली गाउँपालिकाले सवारीसाधनको भाडादर निर्धारण गरेको छ। पहाडी गाउँपालिकामा चल्ने सवारीसाधनले मनपरी भाडा लिने गरेको गुनासो आएपछि गाउँपालिकाले भाडादर निर्धारण गरेको हो।

गाउँपालिकाका उपाध्यक्ष धनामाया मगरका अनुसार गाउँपालिकामा चल्ने बोलेरो, बस, ट्याक्टर, जेसिबी र स्काभेटरको भाडादर कायम गरिएको हो। उपाध्यक्ष मगरको अध्यक्षतामा बोलेरो, यात्रु बस, ट्याक्टर र स्काभेटर दररेट निर्धारणसम्बन्धी सरोकारवालाको बैठक बसेर भाडादर कायम गरिएको हो। निर्णय गरिएका भाडादरको उल्लघंन गरिएको पाइएमा दण्ड जरिमाना गर्नेसमेत निर्णय गरिएको छ।

पहिलो पटक दररेटभन्दा बढी लिएको रकम फिर्ता गराउँछौं,' उपाध्यक्ष मगरले भने, 'दोस्रोपटक ५ हजार जरिमाना गर्ने निर्णय भएको छ। चाडबाडमा झनै धेरै आउजाउ बढ्ने समयमा मनपरी भाडा असुल्ने गरिएकाले गाउँपालिकाले यो कदम चालेको हो। दररेटअनुसार कटारीबाट गाउँपालिकाको पिपल भन्ज्याङसम्म प्रतियात्रु भाडादर ६ सय, सामाग्री ढुवानी प्रतिकिलो ६ रुपैयाँ, रूपाटारसम्म प्रतियात्रु ७ सय, सामग्री ढुवानी प्रतिकिलो ७ रुपैयाँ, ठानागाउँ, निगालवास, लेखगाउँ, इनामे, प्रतियात्रु ८ सय र सामग्री ढुवानी प्रतिकिलो ८ रुपैयाँ रहेको छ।

# महँगी र चर्को ब्याजदरविरुद्ध जिल्ला उद्योग वाणिज्य संघ आन्दोलित

**ईश्वर तामाङ/राजधानी**
उदयपुर

जिल्ला उद्योग वाणिज्य संघ उदयपुर महँगी र चर्को ब्याज नियन्त्रण गर्न माग राख्दै आन्दोलनको तयारीमा जुटेको छ।

जिल्ला उद्योग वाणिज्य संघ उदयपुरका अध्यक्ष चुडामणि कार्कीको अध्यक्षतामा बसेको बैठकले आन्दोलनको संघर्षको कार्यक्रम पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको हो।

पछिल्लो समय महँगी नियन्त्रण गर्नुको सट्टा सरकारले नै महँगी बढाएको उद्योगी व्यवसायीको आरोप रहेको छ। बैंक तथा वित्तीय संस्थाले लगानीमा बढाएको ब्याजदरले उद्योग व्यवसाय र समग्र निजी क्षेत्र धराशायी हुने अवस्था आएको भन्दै जिल्ला उद्योग वाणिज्य संघ आन्दोलित भएको अध्यक्ष चुडामणि कार्कीले जानकारी दिए।

उनका अनुसार कोरोनाको कहरबाट भर्खरै उक्लिन लागेको व्यापार व्यवसायमा बैंकको ब्याजको मारबाट प्रभावित निजी क्षेत्रलाई माथि उकास्न पहल गर्नुको साटो बैंकहरूले ब्याजदर बढाएकोप्रति आपति जनाएको छ। अस्वाभाविक रूपमा बढेको बैंक ब्याजदर पुनरावलोकनका लागिसमेत सरकारमार्फत राष्ट्र बैंकलाई मागसम्मको कार्यक्रम रहेको अध्यक्ष कार्कीले जानकारी दिए।

संघर्षका कार्यक्रमअन्तर्गत ११ असोजमा प्रमुख जिल्ला अधिकारी जर्नादन गौतममार्फत नेपाल सरकार, नेपाल राष्ट्र बैंकलाई ब्याजदर घटाउन ज्ञापनपत्रमार्फत ध्यानाकर्षण गराएको हो।

उद्योगी व्यवसायीलाई संघर्षको कार्यक्रमका लागि अपिल गर्नेलगायतको कार्यक्रम रहेको जिल्ला उद्योग वाणिज्य संघका महासचिव सुनिल साहले पत्रकार सम्मेलनमा जानकारी गराए।

राष्ट्र बैंकले ब्याजदर नघटाए कडा आन्दोलन गर्ने चेतावनी दिए। संघको त्रियुगा नगरपालिका-१२ स्थित त्रियुगा बसपार्कमा रहेको सभाहलमा पत्रकार सम्मेलन गर्दै संघले ब्याजदर १ अंकको बताउन माग गरेको हो। चर्को ब्याजदरको कारण व्यापारीले आत्महत्या गर्नेसम्मको अवस्था सिर्जना भएको भन्दै सरकारलाई संवेदनशील बन्न आग्रह गरेका थिए।

## हातहतियार बुझाउन प्रशासनको निर्देशन

**पोखरा/रास–** जिल्ला प्रशासन कार्यालय कास्कीले इजाजत प्राप्त हातहतियार बुझाउन निर्देशन दिएको छ। शुक्रबार सार्वजनिक सूचना जारी गर्दै प्रशासनले कात्तिक ५ गतेभित्र हातहतियार बुझाइ सक्न निर्देशन दिएको हो।

मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन स्वच्छ, निष्पक्ष र सुरक्षित वातावरणमा सम्पन्न गर्न इजाजत प्राप्त हातहतियार बुझाउन आग्रह गरिएको कास्कीका प्रमुख जिल्ला अधिकारी टेकबहादुर केसीले बताए। 'इजाजतपत्र (लाइसेन्स) प्राप्त हातहतियार निर्वाचन सम्पन्न भएको एक सातापश्चात् फिर्ता लैजानेगरी मिति २०७९ कात्तिक ५ गतेभित्र नजिकको प्रहरी इकाइमार्फत जिल्ला प्रशासन कार्यालय, कास्कीमा बुझाउनु हुन सम्बद्ध सबैमा सूचित गरिन्छ,' प्रजिअ केसीद्वारा जारी सूचनामा उल्लेख छ।

# सिर्जना विकास केन्द्रको पदस्थापन



**राजधानी संवाददाता**
पोखरा

पोखराको पुरानो सामाजिक संस्था सिर्जना विकास केन्द्रमा कृष्ण थापा नेतृत्वको कार्यसमितिको पदस्थापना भएको छ। ४५औं साधारण सभा तथा २२औं अधिवेशनबाट निर्वाचित कार्यसमितिको पदस्थापन भएको निर्वाचन संयोजक वीरबहादुर अधिकारीले बताए।

अध्यक्षका प्रत्यासी चन्द्र गिरीलाई पराजित गर्दै थापा दुईवर्षे कार्यकालका लागि निर्वाचित भएका हुन्। विभिन्न संघसंस्थामा समेत नेतृत्वको अनुभव हासिल गरेका थापा पत्रकारसमेत हुन्। निवर्तमान अध्यक्षमा इन्द्रप्रसाद पौडेल, प्रथम उपाध्यक्ष कृष्णमान ठुसाजु, द्वितीय उपाध्यक्ष विक्रमनारायण विजुक्छे, महासचिव विश्व श्रेष्ठ, सचिव भीम पौडेल, कोषाध्यक्ष कृष्णप्रसाद बराल छन्। यस्तै, सदस्यमा सावित्री बराल, विक्रम खिचाजु, मुक्ति सुवेदी र दानबहादुर गुरुङ छन्।

समारोहमा अध्यक्ष थापाले संस्थालाई आफ्नो कार्यकालमा थप सुदृढ र सक्रिय बनाएर अगाडि बढाउने प्रतिबद्धता जनाए। केन्द्रले पोखराको जनप्रिय बहुमुखी क्याम्पस स्थापनादेखि सिर्जना बहिरा विद्यालय, सिर्जना लघुवित्त, सिर्जना बालगृह, खानेपानी परियोजनालगायत स्थापना गरेको छ।

कार्यक्रममा पोखरा-८ का अध्यक्ष रुद्रनाथ बराल, अध्यक्षका प्रत्यासी चन्द्र गिरी, सल्लाहकार समितिका सभापति सोमनाथ वराल, संस्थाका सल्लाहकार गणेशबहादुर अधिकारी, सल्लाहकार एवं जनप्रिय बहुमुखी क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष तारा गिरी, समाजसेवी परशुराम वराल, निवर्तमान अध्यक्ष इन्द्र पौडेल, पत्रकार रामकृष्ण ज्ञवाली, निर्वाचन समिति सदस्य अधिवक्ता एकनारायण अर्यालले बोलेका थिए।

# स्याङ्जा कांग्रेसमा खैलाबैला

**श्रीकृष्ण सिग्देल/राजधानी**
स्याङ्जा

नेपाली कांग्रेसको राम्रो पकड जिल्लाका रूपमा परिचित स्याङ्जा यतिबेला गठबन्धनको सिट बाँडफाँटको विषयले अनिर्णयको बन्दी बनेको छ।

स्थानीय तह २०७९ को निर्वाचनमा गठबन्धन गरिएका पालिकामा स्याङ्जा कांग्रेसले पराजय भोगेपछि सशंकित छ। जिल्लामा गठबन्धन आवश्यक छैन भन्ने स्वरहरू र विरोध पनि हुँदै आएका छन्।

सरकारमा रहेका गठबन्धन दल सिट बाँडफाँट गरेर आगामी निर्वाचनमा भिड्ने तयारीमा रहेका छन्। सिट बाँडफाँटमा स्याङ्जाबाट एक प्रदेश नेपाली कांग्रेसले छोड्नुपर्ने बाध्यता रहेको छ। गठबन्धन दलको बैठकले स्याङ्जामा २ संघीय क्षेत्र नेपाली कांग्रेसलाई दिने निर्णय भइसकेको छ। तर, ४ प्रदेशसभामध्ये कुन प्रदेशमा कांग्रेसबाहेक अन्य दललाई दिने भन्ने निर्णय अहिलेसम्म अन्योल रहेको छ।

गठबन्धन दलले सिट बाँडफाँटमा बनाएको मापदण्डअनुसार स्याङ्जा क्षेत्र नम्बर १ को (क) प्रदेशमा माओवादी केन्द्रले पाउने निश्चितजस्तो देखिन्छ। जसले गर्दा स्याङ्जामा कांग्रेसलाई ३ प्रदेश मिल्ने अवस्था छ।

२०७४ को संघीय र प्रदेश निर्वाचनमा एमाले र माओवादीको गठबन्धन हुँदा माओवादी केन्द्रले २ प्रदेश पाएको थियो। त्यसमध्ये माओवादी केन्द्र क्षेत्र नम्बर १ को प्रदेश (क)मा विजयी भएको थियो। जितेको क्षेत्रमा माओवादीले दाबी गरेपछि अहिले स्याङ्जा कांग्रेसमा खैलाबैला मच्चिन थालेको छ।

२०७४ सालको स्थानीय चुनावको तुलनामा हालै सम्पन्न स्थानीय चुनाव हेर्दा चुनावी गठबन्धनबाट सबैभन्दा बढी फाइदा माओवादी केन्द्रलाई भएको स्पष्टै छ। प्रतिनिधिसभा र प्रदेशसभाको चुनाव नजिकिँदै गर्दा गठबन्धनबीच भएको सहमतिमा स्याङ्जा कांग्रेसका कार्यकर्ता असन्तुष्ट देखिएपछि उम्मेदवार टुंग्याउन चुनौती थपिएको छ। प्रदेश र प्रतिनिधिसभाको चुनाव ऐनकानुन बनाउने, राष्ट्रियस्तरका नीतिनियम बनाउने र केन्द्र, प्रदेशको सरकार बनाउने अधिकारयुक्त प्रतिनिधिका लागि हुने चुनाव हो। त्यसैले पनि यो निर्वाचनलाई अत्यन्तै चनाखो भएर हेरिन्छ।

स्याङ्जाका कांग्रेसले चुनावी गठबन्धन आवश्यक नरहेको दाबी गरेको छ। यद्यपि स्याङ्जा कांग्रेसले दाबी गरे पनि प्रदेशमा १ सिट भने अन्य गठबन्धन दलका उम्मेदवारलाई भने छाड्नुपर्ने निश्चित छ।

तर, पनि आसन्न निर्वाचनमा जिल्लालाई गठबन्धन नगर्न स्याङ्जा कांग्रेसका कार्यकर्ताहरूले केन्द्रीय नेतृत्वलाई सुझाव दिएका छन्। निर्वाचनको सँघारमै आइपुग्दा कांग्रेसले जिल्लामा एक्लै प्रतिस्पर्धा गर्न सक्षम रहेको कांग्रेसका नेता तथा कार्यकर्ता बताउँदै आएका छन्। सधैं रूखमा मत दिनेले अरूतिर र पहिले कहिल्यै पनि मत नदिएकाले पहिलोपटक रूखमा मत दिँदैनन् भन्ने नेता तथा कार्यकर्ताको बुझाइ छ।

गठबन्धनबाहेकका दल गृहकार्यमा जुटिसकेको अवस्थामा नेपाली कांग्रेस स्याङ्जाले भने जिल्लामा गठबन्धन नगर्न नेतृत्व पंक्तिलाई सुझाएको जनाएको छ। स्याङ्जा कांग्रेसका प्रवक्ता भरतप्रसाद लम्सालका अनुसार १० प्रतिशत पनि जनमत नभएको जिल्लामा गठबन्धन नगर्न नेतृत्वलाई दबाब दिइरहेको बताए। जिल्लागत मिलाउँदा (माओवादी र समाजवादी)को बलियो प्रभाव रहेको अरू जिल्लामा मिलाउँदा हुन्छ, लम्सालले भने, 'यहाँ गठबन्धनबिना नै कांग्रेस बलियो छ।'

प्रतिनिधिसभाका २ र प्रदेशसभाका ४ निर्वाचन क्षेत्र रहेको स्याङ्जा स्थानीय तहको जनमतको हिसाबले कांग्रेसको बलियो स्थान मानिन्छ। भर्खर सम्पन्न स्थानीय तह निर्वाचनमा पनि एमालेको भन्दा कांग्रेसको मत बढी देखिन्छ। स्याङ्जाको हकमा आगामी ४ मंसिरमा हुन गइरहेको निर्वाचनका लागि प्रतिनिधिसभा र प्रदेशसभाका सबै सिटमा निर्वाचन लड्न कांग्रेसलाई दिनुपर्ने नेपाली कांग्रेसका नेता तथा कार्यकर्ताको भनाइ छ।

९० प्रतिशत कांग्रेसको प्रभाव भएको निर्वाचन क्षेत्रभन्दा ८०/९० प्रतिशत माओवादी/समाजवादीको प्रभाव भएको क्षेत्रमा टिकट दिँदा गठबन्धनलाई जित्न सहज हुन्छ प्रवक्ता लम्सालले भने, 'स्थानीय तहको निर्वाचनको मतपरिणामले गठबन्धन दलको प्रभाव देखाइसकेको छ,' गठबन्धनको तर्फबाट स्याङ्जा १ को (क)मा माओवादीले दाबी गर्दै आएपछि कांग्रेसमा असन्तुष्टि देखिएको छ। जिल्लामा माओवादी र समाजवादीको जनमत न्यून रहेको कांग्रेसको दाबी छ।


**डोल्पा जिल्ला, शे.फोक्सुण्डो गाँउपालिका वडा नं. ८ रिग्मोमा प्रस्तावित फोक्सुण्डो लघु जलबिद्युत आयोजना (५५ के.भि) निर्माण तथा संचालनको लागि तयार गरिएको प्रारम्भिक वातावरणी परिक्षण प्रतिवेदनको सात (७) दिने सार्बजनिक सूचना**

(प्रकाशन मितिः २०७९/०६/१६)

कर्णाली प्रदेश, डोल्पा जिल्ला, शे.फोक्सुण्डो गाँउपालिका, वडा नं. ८ रिग्मोमा फोक्सुण्डो मध्यवर्ति क्षेत्र उपोभोक्ता समितिद्वारा निम्म बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागेको छ।

| | |
|---|---|
| **प्रस्तावको नाम र ठेगाना** | डोल्पा जिल्ला, शे.फोक्सुण्डो गाँउपालिका वडा नं. ८ रिग्मोमा प्रस्तावित फोक्सुण्डो लघु जलबिद्युत आयोजना (५५ के.भि) निर्माण तथा संचालनको गर्ने |
| **प्रस्तावको व्यहोरा** | डोल्पा जिल्ला, शे.फोक्सुण्डो गाँउपालिका वडा नं. ८ रिग्मोमा रहेको फोक्सुण्डो मध्यवर्ति क्षेत्र उपोभोक्ता समितिद्वारा फोक्सुण्डो लघु जलबिद्युत आयोजना (५५ के.भि) निर्माण तथा संचालनको लागी प्रस्ताव गरेको छ। उक्त प्रस्ताव अनुसार फोक्सुण्डो तालको आउटलेट बाट बग्ने फोक्सुण्डो खोलाको पानीबाट लघु जलबिद्युत आयोजना निर्माण गरि सोहि वडामा विद्युत वितरण गर्ने उद्धेश्य रहेको छ। |
| **प्रभाव पर्न सक्ने जिल्ला/न.पा** | डोल्पा जिल्ला, शे.फोक्सुण्डो गाँउपालिका वडा नं. ८ |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको स्थानीय, सरोकारवाला व्यक्ति, र संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सुचना प्रकाशन भएको सात (७) दिन भित्र यसै सुचनामा उल्लेख भए बमोजिमको ठेगानामा राए सुझाव उपलब्ध गराई दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| **प्रस्तावको नाम र ठेगाना** | फोक्सुण्डो मध्यवर्ति क्षेत्र उपोभोक्ता समिति, शे.फोक्सुण्डो गाँउपालिका वडा नं. ८, रोग्मो, डोल्पा, फोन नं.-९८४३३०३२९१ |
| **परामर्शदाताको नाम र ठेगाना** | पपुलर इन्भारोमेन्टल सर्भिस प्रा.लि., शान्तिनगर, काठमाडौं pes.nepal2017@gmail.com, ०१-५२६०९८२ |

## सम्पादकीय

# सुखमय बितोस् दसैं

यस वर्षको दसैं हाम्रो घर आँगनमा भित्रिसकेको छ। दसैंको सुरुवातसँगै चौतर्फी उत्साह उमंग छाएको छ। देशविदेशबाट दसैं मनाउन र आफ्ना मान्यजनसँग टीका ग्रहण गर्न मानिस आआफ्नो घर फर्कने क्रम जारी छ। सबैतिर दसैंको माहोलले ढपक्क ढाकिसकेको छ।

विगतका केही वर्षका दसैंहरू कोरोना महामारीका कारण केही खल्लो हुन पुगेको थियो तर अहिले कोरोना धेरै हदसम्म नियन्त्रणमा रहेकाले यसपटकको दसैंमा सर्वसाधारणको सक्रियता र उत्साह एकैचोटि बढ्ने देखिन्छ। यद्यपि ढेंगु संक्रमणको डर भने यथावत् नै छ। ढेंगु हुन नपाओस् भनेर आवश्यक सावधानी अपनाउँदै दसैं मान्नुपर्ने भएको छ।

यो वर्षको दसैं विगतभन्दा भिन्न रौनकका साथ मनाइँदै छ। यो नेपालीका लागि सर्वाधिक महत्त्वको चाड पनि भएकाले वातावरण केही सहज र सरल बनिदिँदा दसैं सुखमयका साथ मनाउन सकिने अवस्था सिर्जना हुनु निकै सुखद हो।

यद्यपि, पर्वको मुखैमा आउँदा दुर्घटनाका कुरा पनि सुन्नमा आइरहेका छन्। आफू सतर्क र सचेत हुँदाहुँदै पनि बाह्य पक्षका कारण निम्तने संन्त्रास वा खतरा पनि उत्तिकै छ। जिउधनको सुरक्षाका कुरा पनि पर्वका बेलामा चुनौतीको विषय बनिरहेका हुन्छन्। आन्तरिक चुनौतीको सचेततापूर्वक व्यवस्थापन गर्न सकिन्छ पनि तर बाह्य चुनौती भने अत्यन्त संवेदनशील हुन्छ।

तर, पनि सावधानीभन्दा अरू उपाय हामीसँग हुँदैन। यसका लागि व्यक्ति, परिवार, समाज र राज्य नै आआफ्नो ठाउँमा सजग, सतर्क र जवाफदेही बन्नैपर्छ। यी सबै कुरा बृहत्तर क्षेत्र घेराभित्र पर्छन्। तथापि, हरेक व्यक्तिमा हुने चनाखोपनले सबैभन्दा बढी प्रभावकारी काम गर्न सक्छ। योबेलामा व्यक्तिको पेसा, व्यवसाय, आर्थिक गतिविधि, व्यक्तिको व्यवहार र कार्यशैली तथा सामाजिक प्रतिष्ठा एवं दायित्वसमेतको आधारमा सुरक्षा चुनौती कमबेसी हुन सक्छ। सामान्य चुनौती भने सबैका लागि रहिरहन्छ। यसका साथै, खानपान, दसैं व्यवस्थापन, सामाजिक लोकलज्जा, देखासिकी तथा इर्ष्या र डाहाले पनि यतिबेला समस्या निम्त्याउन सक्छ। रंगीबिरंगीका तयारी खाना, बजारीया खाना, अत्यधिक मासुको प्रयोग, फ्रिजमा राखिएका सामानको उपयोग, अनिद्रा, मदिरा तथा जुवातास आदिले संकट ल्याउन सक्छन्। यसबेला अनावश्यक खर्च, देखासिकी र अनावश्यक फूर्तिफार्तीले पनि संकटको सीमा बढाउन सक्छ। पर्वमा टाढाबाट घर फर्कने, आफन्तको लहर चल्ने, सवारी अत्यधिक प्रयोग हुने, सहयात्रीसँग व्यवहार बढी हुने, खाँदा बस्दा, सामानको हिफाजत नहुने हुनाले पनि जोखिम निम्तन सक्छ। यसतर्फ सबै जना विशेष चनासो र संवेदनशील हुन जरुरी छ। सकेसम्म समस्या आउन नदिनेगरी दसैंलाई समस्याविहीन रूपमा मनाउनुपर्छ सबै मिलेर।

दसैं मनाउँदा सबैले आआफ्नो गच्छेअनुसार त्यसमा नै सन्तुष्ट भएर मनाउनुपर्छ। अरू कसैको पनि देखासिकी गर्नु मनासिब हुँदैन। महँगी अचाक्ली बढेको छ। यद्यपि, दसैंको यो समयमा आफूलाई सहज हुनेगरी खुसीका सबै उपाय भने अपनाउन सक्नुपर्छ। आर्थिक मितव्ययितालाई ख्याल गरी दसैं सभ्य र भव्य रूपमा मनाउन सक्नुपर्छ। दसैं सबैको सुखमय र उल्लासमय बन्न सकोस्, यही शुभकामना।

# आलोचनाको अचानोमा कर्मचारीतन्त्र

**विभिन्न कालखण्डमा राजनीतिक परिवर्तन हुँदा जनताको चाहनाअनुसार परिवर्तनकामी शक्तिसँग घुलमिल गरी इमानदारिताका साथ सहयोग गरेको इतिहास कर्मचारीतन्त्रले बोकेको छ**



श्यामप्रसाद मैनाली

देशमा साँच्चै विकृति बढेको छ। सबैतिर केवल केही टाठाबाठाको मात्रै रजगज छ। सर्वसाधारण जनता सुकिला-मुकिलाको सुशासनको प्रतिबद्धता सुन्दै गर्दा थकित भइसकेका छन्। तर, सानो सेवा प्राप्त गर्नसमेत ठूलो सास्ती खेप्न विवश भएका छन्। दुर्गममा नजाने, सहरमा राम्ररी सेवाप्रवाह नगर्ने, बिरामीको हदैसम्मको शोषण गरी थप बिरामी बनाउने डाक्टर, जस्तोसुकै अपराध गरे पनि शक्तिकेन्द्रसँग नजिक रहेकालाई संरक्षण दिने प्रहरी, मनपरी भाडा असुल गरी सिन्डिकेट प्रणालीलाई सुदृढ गरी जनतालाई ठगी गर्ने यातायात व्यवसायीसँग मिलीभगत गरी यस्ता कुकृत्य निरन्तरता दिन सहयोग गर्ने अख्तियारवाला, भन्सारमा दस्तुर कम गरी व्यापारीसँग मिलीभगत गर्नेहरू, आम्दानी कम देखाइ आयकर छल्न व्यापारीलाई सिकाउने, अनुभवविहीन राजनीतिज्ञलाई भ्रष्टाचार र अख्तियारको दुरुपयोग गर्न अभ्यस्त बनाउनेहरू, प्रत्येक आर्थिक वर्षको अन्त्यमा वर्षायाम प्रारम्भ भएपछि अत्यन्त न्यून गुणस्तरको सडक निर्माण गर्नेहरू, ससाना जग्गाको रजिस्ट्रेसन पास, नामसारी, नागरिकता प्रमाणपत्रलगायतका लागि आवेदन दिनेहरू र अन्यायमा परी न्यायको खोजी गर्दै सदरमुकाम आइपुग्ने सर्वसाधारणलाई दलाल लगाइ दिने, यी सबै क्रियाकलापबाट जनतालाई दुःख दिई स्थानीय तथा राष्ट्रियस्तरमा तथाकथित टाठाबाठा एवं समाजसेवीलाई मनग्य फाइदा दिलाइ आफूसमेत त्यसैबाट आर्थिक तरक्की गर्न उद्यत रहनेहरू, सबै विभिन्न आवरणमा राष्ट्रसेवक कर्मचारी कहलिएका छन्। यिनीहरूको जीवनशैली, कार्यप्रक्रिया र संस्कार नै टाठाबाठालाई रिजाइ दिनदुःखी जनतालाई थप अन्यायमा पार्नुरहेको छ, जसलाई हामी कर्मचारी भनेर चिन्छौं। त्यसैले यी राष्ट्रसेवक सर्वसाधारण गरिबहरूको झुप्रादेखि ठूलाठूला जिम्मेवारीमा रहेका राजनीतिज्ञ, व्यापारीदेखि उद्योगपति, सरकारबाहेक अन्य क्षेत्रमा काम गर्नेदेखि समाजसेवा र नागरिक समाजको आवरणमा क्रियाशील, सबैको आलोचनाको पात्र भइरहेका छन्। विभिन्न सञ्चारमाध्यममा कर्मचारीको कार्यशैलीबारे खुला आलोचना भएको पाइन्छ। राजनीतिज्ञले आफ्नो असक्षमताका लागि कर्मचारी संयन्त्रमाथि नै दोषारोपण गर्दै आएका छन्। यसले गर्दा सीमित संख्यामा रहेका स्वाभिमानी राष्ट्रसेवक विस्तारै पाखा लाग्दै पेसा परिवर्तन गर्दै निजामती सेवाबाट पलायन हुँदै गएका छन्। परिणामस्वरूप निजामती सेवाभित्र असल कर्मचारीको खोजी गर्दा अपवादको रूपमा मात्रै फेला पर्छ। यो अवस्था सिर्जना हुनुमा कारक तत्त्वहरूको अन्वेषण गरी उपचार खोज्ने विषयमा राज्य लामो समयदेखि मौन रहेको अवस्था छ। यसको पूर्वाग्रहरहित भई विश्लेषण गर्न जरुरी देखिएको छ।

आखिर देशको पढेलेखेको र अरूलाई बाटो देखाउने हैसियतमा रहेको समूह नै कर्मचारी हो। तर, कर्मचारी आफैं दिग्भ्रमित भएका हुन् वा यो संयन्त्रलाई यस्तो दूरवस्थामा पुर्‍याउने संस्कार र पद्धति नै देशले विकास गरिसकेको हो ? अध्ययन जरुरी देखिएको छ। कर्मचारीमा एकथरी १० प्रतिशत काम र ९० प्रतिशत लोकप्रियता हासिल गर्न तल्लीन हुने गर्छन्। यसैका लागि सरकारी स्रोतसाधनको दुरुपयोग समेत गर्छन्। अर्को वर्ग छ, राजनीतिक वर्ग जे गर्दा खुसी हुन्छ, त्यही मात्र गरी व्यक्तिगत फाइदामा तल्लीन हुने। नेपालमा ट्रेड युनियनका नाममा निम्नस्तरका कर्मचारीलाई अनुशासनहीन बनाउने, एउटा मन्त्रालयमा एकभन्दा बढी सचिव राखी प्रशासनिक नेतृत्वलाई अत्यन्त कमजोर बनाउने, सचिवबीच द्वन्द गराई व्यक्तिगत हिसाबमा तरक्की गर्नेहरू नेपालको कर्मचारीतन्त्रमा नेतृत्वदायी भूमिकामा रहेका छन्। उनीहरूका चिप्ला प्रस्तुतिबाट राजनीतिज्ञ बुझी नबुझी प्रभावित बन्न पुग्छन्। कर्मचारीको वृत्ति विकास विस्तारै गुणस्तरहीन कर्मचारीले गर्ने दलालीमा निर्भर हुँदै छ। तलबलगायतका सुविधाका विषयमा नेपालको कर्मचारीतन्त्र विश्वमा नै दोस्रो न्यून बेतनभोगीमा पर्न आउँछ। तसर्थ वैकल्पिक व्यवसाय अवलम्बन नगरी कर्मचारी आफ्नो दैनिकी चलाउन सक्दैनन्। यसै कारण कर्मचारी काममा ढिलो पुग्छन्, छिट्टै निस्कन्छन्। आफ्नै व्यक्तिगत समस्याले मानसिक द्वन्दको सामना गरिरहनु परेकाहरूले अरूको पीडामा मलमपट्टि गर्न खासै ध्यान पुर्‍याउन सक्दैनन्। कर्मचारीको अर्को समूह छ, जसले कहिल्यै राजधानी छाड्दैन। शक्तिकेन्द्रसँग नजिक रहेको परिवारबाट आएको हुन्छ। देशविदेशमा भ्रमण गर्ने थुप्रै अवसर प्राप्त गर्छ, हैसियतभन्दा बढी सरकारी सुविधाको उपयोग गर्छ। पुरस्कार, विभूषण, अलंकार यिनीहरूले नै प्राप्त गर्छन्। यो दृश्य हेर्दाहेर्दै अन्य पहुँच नभएकामा निराशा र वितृष्णा पैदा हुन्छ, यस्तै निराशा कर्मचारी मोफसलमा प्रत्यक्ष सेवा प्रवाह गर्ने कार्यमा संलग्न भएका हुन्छन्। कुण्ठा पालेका वर्गले जनतालाई सेवा प्रदान गर्नुपरेको र गरिरहेको अवस्था छ।

विद्वानहरूले राजनीतिलाई अत्यावश्यकीय खराब वस्तुका रूपमा परिभाषित गर्न थालेका छन्। देशमा पद्धतिको विकास गर्नेतर्फ राजनीतिज्ञहरूको ध्यान पटक्कै गएको पाइँदैन। इमानदार, परिश्रमी र सच्चरित्रता कायम गर्न सक्ने योग्यतम कर्मचारीलाई उचित जिम्मेवारी दिनेतर्फ यिनीहरूको ध्यान जाँदैन। नातावाद, कृपावाद र आर्थिक तरक्कीलाई नै सबै प्रकारको काम गर्ने आधार बनाइन्छ। योग्य र स्वाभिमानी व्यक्ति यस्तो गलत र अस्वस्थ प्रतिस्पर्धामा उत्रिन चाहँदैनन्। सबैतर्फ कम्मल ओढेर घिउ खाने, आफू मात्रै सर्वज्ञ हुँ भन्नेहरू नै पुरस्कृत हुन पुग्छन्। देशको राजनीतिले कर्मचारीलाई सत्कार्यमा लाग्न प्रोत्साहन गर्नुपर्नेमा प्रशासनको नेतृत्व गर्नेलाई नै देशका प्रधानमन्त्री भ्रष्टाचार गर्न दबाब दिन्छन्। टेड्र युनियनका नाममा 'मसल' प्रदर्शन गरी सचिवलाई धम्क्याउने जिम्मेवारी मन्त्रिपरिषद्ले औपचारिक रूपमा नै निम्नस्तरको कर्मचारीलाई प्रदान गर्ने निर्णय गर्छ। राजनीतिज्ञहरू सचिवलाई आफ्नो निजी सचिवका रूपमा परिणत गर्न चाहन्छन्। सचिवहरू कानुनले दिएको अधिकार प्रयोग गर्ने हैसियत राख्दैनन्। सरकारले गरेका गलत निर्णयमा सुधार गर्न असल मनसायले सरकारलाई सुझाव दिनेलाई कारबाही गर्नसमेत सरकार चुक्दैन। देशले चामत्कारिक नेता त पाएन नै ! क्षमतावान राजनेता र नेतृत्व प्रदान गर्न सक्ने सक्षम प्रशासन प्राप्त गर्ने संयन्त्र र पद्धति नै निर्माण गरेन। यस्तो अवस्थामा असल प्रशासक व्यक्तिगत हैसियतमा अपवादका रूपमा देखिए भने पनि समग्र कर्मचारीतन्त्र र अस्तव्यस्त पथभ्रष्ट राजनीतिले उनीहरूलाई साथ दिँदैन। यसका थुप्रै उदाहरण नेपालको कर्मचारीतन्त्रमा खोजीपस्दा पाउन सकिन्छ। समानान्तर अर्थ मन्त्रालय अन्यत्र कतै कायम गरी व्यापारी, उद्योगपति र तस्करहरूको सल्लाहमा वार्षिक बजेट तयार पार्दा त्यसको जवाफदेहिता र जिम्मेवारी लिन कठिन हुने देखी तत्कालीन अर्थ सचिवले राजीनामा दिनुपर्ने स्थिति बन्यो। यो परिस्थितिलाई खुलेर साथ दिँदै समानान्तर अर्थ मन्त्रालयमा अर्थमन्त्रीसँग काम गर्ने एक उच्च पदस्थ कर्मचारी सञ्चार माध्यममा अझै असल कर्मचारीका रूपमा छाएकै छन्। पुरस्कृत गर्ने र जिम्मेवारी दिने क्रममा नातावाद र कृपावाद संस्थागत भएकै छ। जनताले अयोग्य सोची धुलो चटाइ दिएका मन्त्री तथा प्रधानमन्त्री बनेका छन्। निर्वाचनमा हारेका विभिन्न राजनीतिक दलका अध्यक्ष आफ्ना श्रीमतीलाई निर्लज्ज भई सभासद्मा मनोनयन गर्छन्। शहीदका लागि प्राप्त कोटामा आफ्नो छोरालाई विदेशमा पढ्न पठाउने, क्षमताविहीन आफ्नी छोरीलाई विदेशीसँग लम्पसार परी डाक्टर पढ्न पठाउन गिडगिडाउनेहरू नै देशको उच्चतम राजनीतिक नेतृत्वमा पुगेका छन्। राजनीतिमा सुधार नआएसम्म देशमा पद्धतिको विकास र सुधार कसरी सम्भव हुन्छ ? यस्तो राजनीतिले बनाएको विकृत र प्रदूषित समाजका सदस्य नै देशको विभिन्न क्षेत्रमा रहने हुन्। यस अवस्थामा देशमा कर्मचारीतन्त्र मात्रको आलोचना हुनु र चुस्त सेवा प्रवाहको अपेक्षा गरिनु कहाँसम्म सान्दर्भिक हुने हो ? गम्भीरतापूर्वक चिन्तन गरिनु जरुरी छ।

यति हुँदाहुँदै पनि हाम्रो कर्मचारीतन्त्रले राम्रा काम पनि गरेको छ। हुन त नेपालको कर्मचारीतन्त्रलाई प्रारम्भदेखि नै शासनहरूको औजारका रूपमा मात्रै प्रयोग गर्न थालियो। शासकहरूको मनस्थितिमा सुधार नआएकाले कर्मचारीतन्त्र यस्तै, कार्यशैलीको अनुकरण गर्दै गयो। यति हुँदाहुँदै पनि स्थायी संयन्त्रका हिसाबले जस्तोसुकै अस्तव्यस्तता र राजनीतिक संकटको अवस्थामा समेत देशमा शान्ति सुरक्षा कायम गरी नेपाली जनतालाई राज्यको उपस्थितिको अनुभूति गराउने, शान्तिको समयमा विकास निर्माण कार्यहरू सम्पन्न गर्दै अघि बढेको, राजनीतिक प्रक्रियामा सर्वसाधारण जनतालाई सहभागी बनाउने काममा क्रियाशीलता देखाएको, देशको कुनाकाप्चामा रहेका नेपालीहरूलाई राष्ट्रिय मूलधारमा प्रवाहीकरण गर्न योगदान गरेको, विभिन्न कालखण्डमा राजनीतिक परिवर्तन हुँदा जनताको चाहनाअनुसार छिट्टै परिवर्तनकामी शक्तिहरूसँग घुलमिल गरी इमानदारिताका साथ सहयोग गरेको जस्तो इतिहास कर्मचारीतन्त्रले बोकेको छ। शासक वर्गको औजार बन्ने क्रममा हाम्रो कर्मचारीतन्त्रले राणाशासनमा शासकको विशुद्ध व्यक्तिगत अभिष्ट पूरा गर्न लागिपर्‍यो भने ३० वर्षसम्म एकतन्त्रीय तानाशाही पञ्चायती व्यवस्थालाई निरन्तरता दिने कार्यमा यो शक्तिलाई परिचालन गरिरहेको अवस्था थियो। २०४६ सालको आन्दोलनपश्चात् देशमा सुधारको अपेक्षा गरिएकोमा राजनीतिक दलहरूले कर्मचारीलाई आआफ्नो कित्तामा विभाजन गर्न पुगे। यसलाई संस्थागत र सुदृढ बनाउने कार्य दोस्रो जनआन्दोलन पछि भयो। यतिखेर सबै क्षेत्रका अगुवा देशमा सुधार गर्नुभन्दा अस्तव्यस्त सिर्जना गर्नेतर्फ क्रियाशीलता देखाइरहेका छन्। यस्तो संगीन अवस्थामा समेत कर्मचारीतन्त्रले आफ्नो धर्म निर्वाह गरिरहेको छ। त्यसैले सबै अस्तव्यस्तताको कारकका रूपमा कर्मचारीलाई लिइँदा यस संयन्त्रप्रति अन्याय हुनेछ र कर्मचारीको कार्यसम्पादनस्तर अत्यन्त उत्तम भएको दलिल पेस गरिरहँदा समेत अत्युक्ति हुनेछ। त्यसैले देशमा अत्यन्त राम्रा शैक्षिक योग्यता भएका, सक्षम, ठूलो प्रतिस्पर्धाबाट छानिएका कर्मचारीलाई उचित मार्गदर्शन गर्ने र प्रभावकारी रूपमा परिचालन गर्ने क्षमता हाम्रो राजनीतिज्ञहरूले शीघ्र देखाउन जरुरी छ, अन्यथा देशको अवस्था अझ विकराल हुनेछ। जसबाट सर्वसाधारण जनता नै पीडित र प्रताडित बन्नेछन्। एक वर्गले अर्को वर्गलाई हिलो छ्यापेर समस्याको समाधानमा पुग्न सकिँदैन। देशको शासन सत्तामा रहनेहरू यसमा गम्भीर भएनन् भने पद्धतिको सुधार भने हुनेछैन। त्यसैले शुद्धीकरणको प्रारम्भ राजनीतिबाटै हुनुपर्छ र यस्तो उच्च मनोबल भएको राजनीतिले मात्र कर्मचारी संयन्त्रको आलोचना गर्ने हैसियत राख्छ भन्ने चर्चा प्रशासनलाई नजिकबाट अध्ययन गर्नेहरूका बीच भइरहेको छ।

# चाडबाडमा बढ्छ जंक तथा फास्टफुड



डा. प्रकाश बुढाथोकी

जुन खानामा पौष्टिकता हुँदैन र नुन, चिनी वा वासना बढी हुन्छ त्यसलाई जंकफुड भनिन्छ। कतिपय फास्टफुड जंकफुड हुन सक्छन् तर सबै जंकफुड फास्टफुड हुन्। स्वादमा मिठो, पाक्नमा छिटो, राख्नमा सजिलो हुने हुँदा धेरैले मन पराउँछन्। केटाकेटी र वयस्क पनि यस्ता खानेकुरा खान पाए दाल, भात, तरकारी खानै मान्दैनन्। बाबुआमाले पनि स्कुले छोराछोरीलाई खाजाका रूपमा यिनै राखिदिन्छन्। हामी पनि होटल, रेस्टुरेन्ट जाँदा यस्तै खानेकुरा बढी खान्छौं। घरमा खाना बनाएर खान निकै झन्झट मान्ने वा समयको अभाव भएका व्यक्तिले तयारी वा अर्धतयारी खानामा निकै जोड दिने गरेको पाइन्छ। निकै आकर्षक बट्टामा पाइने, क्षणिक स्वादिलो र छिट्टै तयार गर्न सकिने खालका तयारी खानाले समयको बचत र मिठो स्वाद दिने भए तापनि पैसाको खर्च त छँदै छ। दीर्घकालीन रूपमा स्वास्थ्यका लागि घरमा तयार पारिएको ताजा खानाभन्दा निकै नकारात्मक असर पार्छ।

नेपाल सरकारले दुई वर्ष अघिदेखि विद्यालयमा तयारी खाजामा बन्देज लगाएको छ। तर, सूचना र सञ्चारबाट वञ्चित गृहिणीमा थाहापत्तो नै छैन। सञ्चार माध्यमले पनि प्राथमिकता दिदैनन् र कार्यान्वयनमा आएको छैन। तयारी खानाको अत्यधिक प्रयोगले एकातिर बालबालिकाको स्वास्थ्य र आनीबानीमा नकारात्मक असर पारिरहेको छ भने अर्कोतिर अभिभावक विशेषः गृहिणीलाई अल्छी बनाएको छ। तयारी खानाका बट्टाले वातावरण प्रदूषण त बढाएको छ नै परम्परागत खानामा लाग्ने परिश्रम, सिर्जना, फाइदा, आर्थिक बचत तथा कम फोहोर उत्पादनमा कमी भएको छ।

बेलायती खोजकर्ताहरूले खानेबानीमा देखिएको परिवर्तन महँगो साबित भएको बताएका छन्। चार वर्ष उमेका ४ हजार बढी बालबालिकामा भएको खोजले जंक फुडले बालबालिकामा मोटोपना वृद्धि मात्रै गर्दैन उनीहरूको मस्तिष्क वा आईक्यूको स्तरसमेत घटाउँछ। अमेरिकी एकेडेमी अफ पेडियाट्रिक्सका अनुसार ईनर्जी ड्रिकंसमा सफ्ट ड्रिकंसमा भन्दा धेरै बढी क्यालोरी र १४ प्रतिशत बढी कैफिन हुनेहुनाले शक्ति र स्फूर्तिका नाममा धेरै बेफाइदा गर्छ। बाहिरबाट क्यालोरी थप्दा मोटोपनाको खतरा बढ्छ। दाँतसमेत बिग्रन्छ, मधुमेह र मुटुरोगको खतरा बढ्छ। बेलायतमा भएको खोजले जंकफुडको सेवनले मस्तिष्कलाई चिनी, बोसो र नुनको बढी मात्रामा भएको भोजन लिनलाई प्रेरित गर्छ र नशाको अम्मल जस्तै जंक फुडको अम्मलले च्याप्छ। बेलायतको लन्डन, स्विडेनको युमिआ विश्वविद्यालयमा गरिएको वैज्ञानिक अध्ययनमा जंकफुड बढी प्रयोग गर्ने महिलामा क्यान्सर हुने सम्भावना निकै गुणा बढी पाइएको छ।

बिट्रिस जर्नलमा प्रकाशित लेखमा गर्भवती महिलाले जंकफुड सेवन गरे जन्मने बच्चामा पनि लत बस्ने, मोटोपना र मधुमेहको सम्भावना रहन्छ। जंकफुडले हिरोइन, कोकिनजस्तै लत बसाउँछ। जादुको छडीजस्तो देखिनेगरी चित्रित यस्ता प्याकेटका मन्द विष जंकफुडले हाम्रो स्वास्थ्य दिन प्रतिदिन बिगार्दै छ, मुटु, कलेजो, मिर्गौला रोग, उच्च रक्तचाप, मधुमेह, युरिक एसिड, कोलेस्टेरोल, हृदय तथा मस्तिष्क घात, क्यान्सरसम्मका अनगिन्ती नसर्ने रोग उत्पन्न भइरहेका र बढेको बढ्यै छ। त्यसैमा तयारी खानालाई धेरै समयसम्म जोगाइ राख्न पिर्जभेटिभ, आकर्षक बनाउन रंग तथा खानयोग्य बनाउन एडिटिभ, फ्लेबरिङ एजेन्टजस्ता विभिन्न प्रकारका रसायनिक तत्त्वको मिसावट हुने भएकाले डब्बा वा प्याकेटमा बन्द तयारी खानाले बेफाइदा गर्छ।

अजिनोमोटोले वजन बढाउने, हडी गलाउने, टाउकाको, छातीको पीडा, मुटुरोग, दम, फुड एलर्जी, अपच, उत्तेजना, मस्तिष्क कोषको नोक्सान, लत बसाल्ने, सास लिन कठिन, घाँटी पछाडि र नाडीमा जलन, वाकवाकी, कमजोरी, हाड, मिर्गौला, कलेजोलाई क्षति, ओस्टियोपोरोसिसलगायतका अन्य समस्या ल्याउन सक्छ। खानेकुरालाई धेरै तताई वा सेकाई फास्टफुड बनाउँदा तिनको कार्ब्रोहाइड्रेट, प्रोटिन, स्टार्चजस्ता पदार्थ नष्ट भई खानेकुरा पौष्टिकविहीन, अपाच्य, कार्सिनोजन बन्छ। बढी चिल्लो खाए, उच्च रक्तचाप, हृदयघातजस्ता रोग लाग्ने, एडिपोस तन्तुमा जम्मा भई बोसोको मात्रा बढ्न जान्छ। शरीर मोटो, थिलथिलो भई कुनै पनि रोगले च्याप्न सक्छ। बढी मसलादार, तारेको, भुटेको मासु, खाद्य पदार्थले पनि पेट र आन्द्राका लागि अहितकर एवं क्यान्सर वृद्धिमा सघाउ पुर्‍याउने गर्छ। आवश्यकताभन्दा बढी ऊर्जा प्राप्त भई जम्मा हुँदा मानिस बेचैन हुने, केही न केही गरिरहने, ध्यान एक ठाउँमा केन्द्रित गर्न नसक्ने तथा चिल्लो पदार्थ बढी भएको कारण राम्रोसँग पचाउन नसक्ने, बोसो लाग्ने, दिमागमा उग्र विचार प्रक्षेपण गर्ने, ध्वंसात्मक तथा तोडफोड काम गर्न रुचाउने हुन जान्छ। अत्यधिक ऊर्जा सेवनले शरीरका अंग अनावश्यक रूपमा मोटाउँदै गई उच्च रक्तचाप, मधुमेह, दम, मुटुसम्बन्धी रोग देखिने सम्भावना बढ्छ। अनियमित फास्टफुडले नियमित भोजनको पौष्टिक तत्त्वलाई समेत बिगार्छ।

### इनर्जी ड्रिंक

चिनी मध्यम मात्रामा सुरक्षित हुन्छ, एक वयष्कलाई दैनिक ३५ ग्राममा नबढाउने भनिए पनि शक्तिवर्धक पेयमा मात्रा बढी हुन्छ। चिया, कफी, कोकाकोला र चकलेटमा पाइने उत्तेजक रसायन क्यापिनले कम मात्रामा आनन्द, कम थकावट र ताजकिपन दिन्छ, स्नायुप्रणाली, मुटु, मांशपेसीको उत्तेजना बढाउँछ, शरीरको ग्लुकोज, बोसो मेटाबोलिज्म दर वृद्धि गरी शक्ति प्रवाह बढाउँछ। मात्रा बढी भए वाकवाकी, धडकन बढ्ने, टाउको दुख्ने, अनिद्रा, तनाव, चिडचिडाहट, काम्ने, फिज काड्ने, मतिभ्रम हुन्छ। तसर्थ बच्चा, गर्भवती, स्तनपान, मधुमेहीलाई निषेध गरिनुपर्छ। लगातार क्याफिनयुक्त पेयपदार्थको सेवनले लत लाग्ने र छिनछिनमा पिसाब लागी जल वियोजन हुने डर रहन्छ। भेनेजुएला र ब्राजिलको स्थानीय बेरी ग्वारानाको बिउको धुलो चियाका रूपमा प्रयोग गरिन्छ। जसमा कफीभन्दा दोब्बर क्याफिन हुन्छ। टोरिन नामक एमिनोएसिड क्याफिनको असर बढाउन तथा मांसपेसीको थकान कम गर्न प्रयोग गरिन्छ। शारीरिक र मानसिक ऊर्जा दिने विश्वास गरिएको चिनियाँ हर्बल जिनसेङ पनि मिसाइएको हुन्छ। जिनसेङको मात्रा बढेमा टाउको दुख्ने, मुटुको धडकन वृद्धि, अनिद्रा, तनाव, छाती दुख्ने, वाकवाकीजस्ता अनेकन लक्षण देखिन्छन्। तीतो सुन्तलामा पाइने सिनेफ्रिनले क्याफिन र ग्वारानासँग मिलेर स्नायुप्रणालीलाई उत्तेजित पार्छ। रक्तनली साँघुरो बनाई रक्तचाप, मुटुको धडकन बढाउँछ।

अमेरिकी खाद्य तथा औषधि प्रशासनले दैनिक एक जना वयष्कले ४ सय मिग्रा क्याफिनसम्मलाई सुरक्षित मानेको छ। जुन ५ कप कफीमा पाइने क्याफिन बराबर हो। शक्तिवर्द्धक पेयको क्याफिनले मदिराको प्रभाव कम गर्ने भएकाले साथै पिउँदा बढी पिइने र स्वास्थ्यमा जोखिम बढाउँछ।

### कोल्ड ड्रिंक्स

कोल्ड ड्रिंक्समा धेरै चिनी र अम्ल हुन्छ तर भिटामिन, खनिज र फाइबर तथा पोषकतत्त्व हुँदैनभन्दा हुन्छ। त्यसैले यस्ता खानेकुरा प्रायः उमेर समूहका लागि हानिकारक हुन्छन्। जस्बाट अम्ल, दाँत खिइने, कुपोषण, मोटोपना, क्यान्सर, मुटुरोग, मधुमेह, दीर्घकालीन स्वासप्रश्वास समस्या र तिनका जटिलता निम्त्याउँछ।

आवश्यकताभन्दा बढी उर्जा प्राप्त भई जम्मा हुँदा मानिस बेचैन हुने, केही न केही गरिरहने, ध्यान एक ठाउँमा केन्द्रित गर्न नसक्ने तथा चिल्लो पदार्थ बढी भएको कारण राम्रोसँग पचाउन नसक्ने, बोसो लाग्ने, दिमागमा उग्र विचार प्रक्षेपण गर्ने, ध्वंसात्मक तथा तोडफोड काम गर्न रुचाउने हुन जाने तथ्य अनुसन्धानबाट देखिएको छ। अत्यधिक ऊर्जा सेवनले शरीरका अंग अनावश्यक रूपमा मोटाउँदै गई उच्च रक्तचाप, मधुमेह, दम, मुटुसम्बन्धी रोग देखिने सम्भावना बढ्छ। फास्टफुडले नियमित भोजनको पौष्टिकतत्त्वलाई समेत बिगार्ने गरेको तथ्य खोजले देखाएका छन्। हाम्रो स्वास्थ्य दिन प्रतिदिन बिँग्रदै छ, मुटु, कलेजो, मिर्गौला रोग, उच्च रक्तचाप, मधुमेह, हृदय तथा मस्तिष्क घात, दाँत तथा मुखमा संक्रमण, असामान्यता, क्यान्सरजस्ता नसर्ने रोगहरू उत्पन्न भइरहेका र बढेको बढ्यै छ।

अन्तमा, कोल्ड तथा इनर्जी डिकंस र जंक फुड नियन्त्रण गर्न नेपालमा कुनै नियम कानुन बनिसकेको छैन। अन्य मुलुकमा झैं हामी कहाँ पनि फास्टफुड फास्ट डेथ भन्न ढिला नगरी ऐन कानन बनाउन तदारुकता देखाउनैपर्छ। नेपालमा हुने कुल मृत्युको ७० प्रतिशत हिस्सा नसर्ने रोगले ओगटेको छ। नसर्ने रोगका रोकथामका लागि यस्ता खानेकुरा नियन्त्रण हुनैपर्छ। दूध, दुग्धजन्य पदार्थ, धेरै प्रकार र रंगका ताजा हरियो सागपात, रेसादार तरकारी र फलफूल सन्तुलित भोजनका रूपमा अनिवार्य रूपमा दैनिक खाने र स्वास्थ्यमैत्री आदतबानी र जीवनशैली अपनाउन र बसाल्नुपर्छ।

*डा. बुढाथोकी नेपाल चिकित्सक संघका केन्द्रीय कोषाध्यक्ष हुनुहुन्छ।*

# लोकसेवा आयोगद्वारा लिइने शाखा अधिकृतको परीक्षामा उपयोगी विषयगत सामग्री

**१.नेपालमा वैदेशिक लगानीका लागि खुला नगरिएका क्षेत्रहरू के के हुन् ? विदेशी लगानी तथा प्रविधि हस्तान्तरणलाई प्रवर्द्धन गर्न के गर्नुपर्ला ? व्यावहारिक सुझावहरू प्रस्तुत गर्नुहोस् ।**

'आर्थिक विकास र समृद्धिका लागि विदेशी लगानी तथा प्रविधि हस्तान्तरण'

**पृष्ठभूमि**

विदेशी लगानी

विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ ले विदेशी लगानीकर्ताले उद्योग वा कम्पनीमा गरेको देहायको लगानीलाई विदेशी लगानीका रूपमा परिभाषित गरेको छ -

- विदेशी मुद्रामा गरिने सेयर लगानी
- उद्योगमा विदेशी मुद्रा वा सेयरबाट प्राप्त लाभांश रकमको पुनः लगानी
- लिज लगानी
- पुँजी लगानी कोषमा गरेको लगानी
- सूचीकृत धितोपत्रमा गरेको लगानी
- नेपालमा संस्थापित कम्पनीको सेयर वा सम्पत्ति खरिद गरी भएको लगानी
- नेपालमा संस्थापित उद्योग वा कम्पनीले विदेशी पुँजी बजारमा धितोपत्र जारी बैंकिङ्ग प्रणालीमार्फत प्राप्त भएको लगानी
- प्रविधि हस्तान्तरणद्वारा भएको लगानी
- नेपालमा उद्योग स्थापना र विस्तार गरी कायम भएको लगानी ।

**प्रविधि हस्तान्तरण**

विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ मा प्रविधि हस्तान्तरणलाई उद्योग र लगानीकर्ताबीच देहायको कुराको सम्बन्धमा सम्झौता गरी गरिने प्रविधि हस्तान्तरणका रूपमा परिभाषित गरिएको छ :-

- पेटेन्ट, डिजायन, ट्रेडमार्क, व्यापारिक ख्याति, प्राविधिक विशिष्टिता, सूत्र प्रक्रिया
- उपयोगको इजाजत, प्राविधिक जानकारी प्रदान वा प्राविधिक ज्ञानको उपयोग
- वैदेशिक प्राविधिक सल्लाहकार व्यवस्थापन तथा बजार सेवा उपलब्ध गराउने वा अन्य प्राविधिक ज्ञान वा सेवा ।

**खुला नगरिएका क्षेत्रहरू**

विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ अनुसार विदेशी लगानी खुला नगरिएका क्षेत्रहरू देहायबमोजिम रहेका छन् :-

- पशुपन्छी पालन, माछापालन, मौरीपालन, फलफूल, तरकारी, तेलहन, दलहन, दुग्ध व्यवसाय र कृषिका प्राथमिक उत्पादनका अन्य क्षेत्रहरू
- लघु तथा घरेलु उद्यम
- व्यक्तिगत सेवा व्यवसाय
- हातहतियार, खरखजना, गोलीगठ्ठा बारुद वा विस्फोटक पदार्थ तथा न्युक्लियर बायोलोजिकल तथा केमिकल हतियार उत्पादन गर्ने उद्योग आणविक शक्ति विकीरणजन्य सामग्री उत्पादन गर्ने उद्योग
- घर जग्गा खरिद व्यवसाय, खुद्रा व्यापार, आन्तरिक कुरियर सेवा, स्थानीय क्याटरिङ सेवा, मनिचेन्जर, रेमिट्यान्स सेवा
- पर्यटनमा संलग्न ट्राभल एजेन्सी, पथ प्रदर्शक, ट्रेकिङ तथा पर्वतारोहण पथ प्रदर्शक, होमस्टेलगायतका ग्रामीण पर्यटन
- आमसञ्चारका माध्यमहरू पत्रपत्रिका, रेडिया, टेलिभिजन र अनलाइन समाचारको व्यवसाय, राष्ट्रभाषाको चलचित्र व्यवसाय
- व्यवस्थापन सेवा, लेखा, इन्जिनियरिङ, कानुनी परामर्श सेवा र भाषा तालिम, संगीत तालिम, कम्प्युटर तालिम
- ५१ प्रतिशतभन्दा बढी विदेशी लगानी हुने परामर्श सेवाहरू ।

**सुधारका लागि आवश्यक सुझावहरू**

**नीतिगत सुधार**

- कम्पनी ऐन, औद्योगिक व्यवसाय ऐन, हेजिङ, विदेशी विनिमय, दामासाही तथा लिक्विडेसनलगायतका अन्य सम्बद्ध कानुनहरू र विदेशी लगानी तथा प्रविधि हस्तान्तरणसम्बन्धी कानुनसँग सामन्जस्यता कायम गर्ने
- न्यूनतम लगानीको सीमालाई क्षेत्रगत वा स्तरअनुसार पुनरावलोकन गर्नुपर्ने
- बौद्धिक सम्पत्ति अधिकारसम्बन्धी एकीकृत ऐन बनाइनुपर्ने
- सफल विदेशी लगानीका क्षेत्रहरू पहिचान गरी तुलनात्मक लाभका क्षेत्रको रोस्टर बनाउने
- विदेशी लगानीको प्रतिबद्धता र वास्तविक लगानीको अध्ययन गरी नीति तर्जुमा गर्ने ।

**संरचनागत सुधार**

- एकीकृत अनलाइन प्रणालीको विकास
- संरचनागत सम्बद्धताको निर्माण
- विशेष आर्थिक क्षेत्र, निर्यात प्रवर्द्धन क्षेत्र, अन्तरदेशीय आर्थिक क्षेत्र, आयोजना बैंकहरू तथा औद्योगिक कलस्टरको निमार्ण एवं विकास ।

**व्यवस्थापकीय सुधार**

- प्रभाव मूल्यांकन तथा अध्ययन अनुसन्धान गरी नीति तर्जुमा गर्नुपर्ने
- उत्कृष्ट विदेशी लगानीकर्तालाई प्रोत्साहित गर्ने
- एकल बिन्दु सेवा केन्द्रका काम कर्तव्य र अधिकारलाई समेटेर कार्यविधि निर्देशिका जारी गर्ने
- अनलाइन र प्रविधिमैत्री सेवाप्रवाह गर्ने
- कर्मचारीलाई व्यावसायिक तालिम प्रदान गर्ने ।

**प्रक्रियागत सुधार**

- विदेशी लगानीको स्वीकृतिपछि राष्ट्र बैंकको पुनः स्वीकृति लिएर लगानीको पैसा भित्र्याउन पाउने व्यवस्था परिमार्जन गरी अटोमेटिक रुटको व्यवस्था गर्नुपर्ने
- Cross – cutting issues रहेका फायल निर्देशक समितिले टुंगो लगाउनुपर्ने
- विदेशी लगानीको स्वीकृतिका लागि स्थानीय तथा अन्य निकायको सिफारिस नचाहिने व्यवस्था गर्ने ।

**निष्कर्ष**

राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी, सुदृढ तथा रोजगारोन्मुख बनाउन र उत्पादकत्व वृद्धि गरी आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धन र पूर्वाधार विकास गर्न लगानीमैत्री वातावरणको सिर्जना गरिनुपर्दछ । स्वदेशमा उपलब्ध स्रोत साधनको अधिकतम सदुपयोग गरी आर्थिक समृद्धि हासिल गर्न कतिपय क्षेत्रमा विदेशी लगानी प्रतिबन्धित गरिनु उपयुक्त हुन्छ ।

**२. संगठित अपराधलाई परिभाषित गर्नुहोस् । संगठित अपराध निवारण ऐन, २०७० का विशेषताहरू उल्लेख गर्दै संगठित अपराध नियन्त्रणमा देखिएका समस्याहरू पहिचान गर्नुहोस् ।**

- संगठित रूपले योजना, तयारी, उद्देश्य, संगठन, सञ्जाल एवं पर्याप्त स्रोत साधनसहित धेरै जना मानिसहरू मिलेर गरेको अपराधलाई संगठित अपराध भनिन्छ ।
- कुनै पनि अपराध आफैंमा संगठित अपराध होइन, अपराधको उद्देश्य, प्रकृति, संरचना, संलग्नता, संख्या तथा गम्भीरता आदिका आधारमा संगठित अपराध हो वा होइन भनेर निर्क्यौल गर्न सकिन्छ ।
- संयुक्त राष्ट्रसंघले देहायको चरित्र भएको अपराधलाई संगठित अपराध मानेको छ :-
  - सङ्गठित समूह
  - तीन वा सोभन्दा बढी व्यक्तिको संलग्नता
  - निहीत उद्देश्यसँग सम्बन्धित
  - संगठित समूहको निश्चित समयसम्मको अस्तित्व
  - कम्तीमा एउटा आपराधिक कार्य सम्पन्न भएको हुनुपर्ने ।
- संगठित अपराध निवारण ऐन, २०७० ले संगठित अपराधलाई देहायबमोजिम परिभाषित गरेको छ :-

'आपराधिक समूहको लाभका लागि, आपराधिक समूहको निर्देशनमा, आपराधिक समूहका तर्फबाट, आपराधिक समूहसँग मिलेर वा आपराधिक समूहको संस्थापक सदस्य वा सदस्य भई जानी जानी गरिएको गम्भीर अपराधलाई संगठित अपराध भनिन्छ ।

- गम्भीर अपराध भन्नाले,
  - प्रचलित कानुनबमोजिम तीन वर्षभन्दा बढी कैद सजाय हुने कसुर
  - परिच्छेद ३ बमोजिमको कसूर
  - प्रचलित कानुनबमोजिम भ्रष्टाचार वा सम्पत्ति शुद्धीकरण वा आतंककारी क्रियाकलापमा वित्तीय लगानी गरेको कसुर बुझिन्छ ।
- आपराधिक समूह भन्नाले,

'संगठित अपराध गर्ने उद्देश्यले नेपालभित्र वा बाहिर रहे भएको संगठित वा असंगठित तीन वा तीनभन्दा बढी व्यक्तिको समूह बुझिन्छ ।'

संगठित अपराध निवारण ऐन, २०७० का मुख्य विशेषताहरू :-

- सरकारवादी मुद्दा हुने
- मुद्दा चलाउन हदम्याद नलाग्ने
- सूचनादातालाई जरिमानाको २० प्रतिशत रकम पुरस्कार दिइने
- कसुरदारलाई कानुनी सहायता उपलब्ध गराइने
- सुराकी, उजुरीकर्ता र साक्षीको संरक्षण गरिने
- कसुरदारको सम्पत्ति रोक्का राखिने
- प्रमाण लुकाउनेलाई सजाय हुने
- थुनामा राखी पुर्पक्ष गर्न सकिने
- बन्द इजलासमा सुनुवाइ गर्न सकिने
- राहदानी रोक्का राख्न सकिने
- विशेष अनुसन्धान पद्धति अपनाउन सकिने
- विशेष अनुसन्धान टोली गठन गर्न सकिने
- सञ्चार माध्यम निष्क्रिय गर्न सकिने
- जिल्ला अदालतलाई क्षेत्राधिकार हुने ।

**संगठित अपराध नियन्त्रणमा देखिएका समस्याहरू**

- राजनीतिक अस्थिरता
- कमजोर र त्रुटिपूर्ण अनुसन्धान, अभियोजन तथा न्यायप्रणाली
- अपराधको राजनीतीकरण र राजनीतिको अपराधीकरण
- बेरोजगारी र गरिबी जस्ता आर्थिक समस्या
- अन्तर्राष्ट्रियस्तरमा समन्वयको कमी
- खुला सिमाना
- स्रोत साधनको अभाव
- गिर्दो प्रजातान्त्रिक मूल्य
- कानुन कार्यान्वयन निकायबीच समन्वयमा कमी
- दक्ष मानव संसाधनको कमी ।

**निष्कर्ष**

संगठित अपराध आफैंमा मूल अपराध नभई अपराधको तरिका, शैली, उद्देश्य, माध्यम, कारण, साधनको प्रयोग, अपराधकर्ताको संलग्नता र अपराधपश्चात् त्यसको प्रभाव र चाहनासँग बढी सम्बन्धित हुन्छ । संगठित अपराधको अवधारणागत पक्षमा स्पष्टता र एकरूपता कायम हुन नसक्दा संगठित अपराध अपेक्षाकृत रूपमा न्यूनीकरण हुन नसकेको अवस्था छ ।

**३. आन्तरिक लेखापरीक्षण गर्दा अपनाउनुपर्ने प्रक्रियाहरू के–के हुन् ? स्पष्ट पार्दै यसका क्षेत्रहरू उल्लेख गर्नुहोस् ।**

'वित्तीय सुशासन कायम गर्ने माध्यम'

**पृष्ठभूमि**

- कारोबार भएको व्यहोरा देखिने गरी प्रचलित कानुनबमोजिम राखिने प्रारम्भिक प्रविष्टिको गोश्वारा भौचर तथा सो आधारमा तयार पारिने अभिलेख, खाता, किताब आदि र सो कारोबारलाई प्रमाणित वा सम्पुष्टि गर्ने प्रमाण कागजात र सोका आधारमा तयार गरिने वित्तीय विवरण तथा प्रतिवेदनलाई नै लेखा भनिन्छ ।
- कोष तथा लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा नियन्त्रक कार्यालबाट सम्बन्धित कार्यालयको उद्देश्यअनुरूपका कार्यसम्पादनसँग सम्बन्धित कानुन, व्यवस्थापकीय अभ्यास लेखा तथा अन्य कारोबार र सोसँग सम्बन्धित कागजात एवं प्रक्रियाको जाँच, परीक्षण, विश्लेषणका साथै आन्तरिक नियन्त्रण प्रणालीको समग्र मूल्यांकन गरी प्रतिवेदन गर्ने कार्य नै आन्तरिक लेखा परीक्षण हो ।

**अपनाउनुपर्ने प्रक्रिया**

- कागजात पुनरावलोकन
  - अभिलेख वा कागजातको अध्ययन
  - गोस्वारा भौचरसँग संलग्न बिल भर्पाइ तथा अन्य कागजात भौतिक सम्पत्ति आदिको परीक्षण गर्ने ।
- गणना
  - गणितीय यथार्थको परीक्षण गर्ने ।
- सुनिश्चितता
  - प्राप्त अभिलेखमा उल्लेखित विवरणको थप पुस्ट्याइका लागि सम्बन्धित पक्षलाई प्रमाण हुनेगरी सोध्ने तथा प्रतिक्रिया लिने ।
- सोधपुछ
  - सम्बन्धित निकाय वा बाह्य पक्षसँग अन्तर्वार्ता वा सूचनाका लागि अनुरोध गरी जानकारी प्राप्त गर्ने ।
- अवलोकन
  - अरूले सम्पादन गरेका कार्यहरू वा प्रक्रियाको अवलोकन अनुगमन आदि कार्य गर्ने ।
- भौतिक परीक्षण
  - कागजातमा उल्लेख गरिएबाहेक अन्य सम्पत्ति तथा उपकरण नगद जिन्सी र प्लान्ट एन्ड मेसनरी औजारको अवस्था एवं निर्माण सुधार गरिएको संस्थाको स्थिति निरीक्षण गरी कागजातमा उल्लेख भएबमोजिम आदि छ वा छैन एकिन गर्ने ।
- तुलना
  - आम्दानी तथा खर्च रकमको औषत, नगद प्रवाहको अनुपात, स्वामित्वको प्रमाण, सम्पत्ति तथा दायित्व मूल्यांकन आदि विषयमा अघिल्लो आर्थिक वर्षसँग तुलना गर्ने ।

**आन्तरिक लेखा परीक्षणका क्षेत्रहरू**

- निर्दिष्ट शीर्षक तथा उपशीर्षकमा स्वीकृत रकम सोही सीमामा रही निर्दिष्ट प्रयोजनका लागि खर्च भए वा नभएको
- लेखा तोकिएको ढाँचामा राखे वा नराखेको
- समयमा बजेट निकासा भए, नभएको
- संघीय सञ्चित कोष, संघीय आकस्मिक कोष, विभाज्य कोष र अन्य सरकारी कोषको हिसाब यथार्थपरक रहे, नरहेको
- आयोजना लेखाको आन्तरिक लेखापरिक्षण समयमा भए, नभएको
- आम्दानी खर्च भएका रकम कलमको पुस्ट्याइँ हुने प्रमाण यथेष्ट भए, नभएको
- आर्थिक विवरणले आर्थिक कारोबारको सही र यथार्थ चित्रण गरे, नगरेको
- खर्च गर्न अधिकार प्राप्त अधिकारीको स्वीकृति भए, नभएको
- अनुगमनको अवस्थाको प्रभावकारिता
- आन्तरिक लेखापरीक्षणको सुझाव कार्यान्वयनको अवस्था
- धरौटी कानुन पालनाको स्थिति
- स्वीकृत लागत खर्चको सीमाभित्र रही कार्यक्रम सञ्चालन भए, नभएको
- उपलब्ध स्रोत साधनको उचित रूपमा उपयोग गरे नगरेको र त्यस्तो सम्पत्तिको हानि नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरे, नगरेको
- राजस्व तथा सरकारी कोषमा जम्मा हुनुपर्ने रकम कानुनबमोजिम निर्धारण, असुली, दाखिला, लेखांकन र प्रतिवेदन भए, नभएको
- वित्तीय कारोबार अभिलेख र प्रतिवेदन व्यवस्थालाई सूचना प्रविधिमा आधारित बनाउने प्रयास भए, नभएको ।

**निष्कर्ष**

आन्तरिक लेखा परीक्षणमा संगठनको निर्दिष्ट उद्देश्य हासिल गर्न उपलब्ध स्रोत साधन र स्रोतको नियमितता मितव्ययी कार्यदक्षतापूर्ण र प्रभावकारी रूपमा खर्च भए नभएको सम्बन्धमा परीक्षण गरी व्यवस्थापनलाई आवश्यक सुझाव प्रस्तुत गरिने भएकाले उल्लेखित क्षेत्रहरू समेटिनु अपरिहार्य हुन्छ । आर्थिक कारोबारमा बेरुजु र अनियमितताको स्थिति सिर्जना हुन नदिन आन्तरिक लेखा परीक्षणको अहं भूमिका रहने भएकाले व्यवस्थित, योजनाबद्ध, प्रक्रियागत र चरणबद्ध रूपले कार्य सम्पन्न गर्नुपर्दछ ।

**४. दिगो विकास लक्ष्यहरू कार्यान्वयनका लागि भएका प्रयासहरू उल्लेख गर्दै स्थानीय तहमा दिगो विकास लक्ष्यको आन्तरिकीकरण महत्त्वमाथि प्रकाश पार्नुहोस् ।**

'आर्थिक, सामाजिक तथा वातावरणीय प्रणालीलाई जोड्ने माध्यम'

**पृष्ठभूमि**

- वर्तमान पुस्ताले आफ्ना आवश्यकता पूरा गर्न प्राकृतिक तथा जैविक स्रोत साधनको प्रयोग गर्ने क्रममा भावी पुस्तालाई प्रतिकूल असर नपर्ने गरी प्रयोग गर्ने तथा विकास र वातावरणबीच सन्तुलन कायम गर्ने प्रक्रिया नै दिगो विकास हो ।
- वातावरण र विकास सम्मेलनले दिगो विकासलाई देहायबमोजिम परिभाषित गरेको छ,

'उपलब्ध जैविक तथा प्राकृतिक स्रोत साधनलाई हानिनोक्कसानी नहुने गरी उत्पादन, उपयोग र व्यवस्थापन गर्नु नै दिगो विकास हो ।'

**दिगो विकास लक्ष्य कार्यान्वयनका लागि भएका प्रयासहरू**

- संविधानले दिगो विकासको अवधारणालाई आत्मसात गरेको
- चौधौं योजनादेखि दिगो विकासका लक्ष्यलाई आन्तरिकीकरण गरिएको
- १७ वटा लक्ष्य, १६९ वटा परिमाणात्मक लक्ष्य एवं २३२ वटा विश्वव्यापी सूचक निर्धारण गरिएको तथा नेपालको सन्दर्भमा ४७९ वटा सूचक निर्धारण भएको
- दिगो विकासका लक्ष्यअनुसार बजेट सांकेतीकरण गर्ने व्यवस्था गरिएको
- प्रादेशिक तथा स्थानीय योजना तर्जुमा दिग्दर्शन तयार भएको
- राष्ट्रिय योजना आयोगले प्रतिवेदन तथा दस्तावेजहरू प्रकाशन गर्ने गरेको
- प्रधानमन्त्रीको अध्यक्षतामा उच्चस्तरीय केन्द्रीय निर्देशक समिति, राष्ट्रिय योजना आयोगका उपाध्यक्षको संयोजनकत्वमा दिगो विकास लक्ष्य कार्यान्वयन तथा समन्वय समिति तथा राष्ट्रिय योजना आयोगको सदस्यको संयोजकत्वमा विषयगत कार्यसमिति गठन गरिएको
- संसदमा दिगो विकास तथा सुशासन समिति क्रियाशील रहेको
- आव २०७४/७५ देखि मध्यकालीन खर्च संरचनामा दिगो विकासका लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने गरी आयोजनाको प्राथमिकीकरण गर्ने गरिएको
- दिगो विकासका लक्ष्य कार्यान्वयन गर्न वार्षिक २० खर्ब २५ अर्ब लाग्ने अनुमान गरी स्रोत व्यवस्थापन गर्ने प्रयास गरिएको
- तथ्यांक ऐनको मस्यौदा तयार भएको र तथ्यांक प्रणालीसम्बन्धी राष्ट्रिय रणनीति तयार भई कार्यान्वयनमा आएको
- महालेखापरीक्षकको कार्यालयले दिगो विकासका लक्ष्यको कार्यमूलक लेखापरीक्षण सम्पन्न गरेको ।

**दिगो विकास लक्ष्यको आन्तरिकीकरण गर्नुपर्ने कारणहरू**

- सार्वजनिक सेवाको महत्त्वपूर्ण जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएको
- स्रोत साधनको विकेन्द्रीकरण भएको
- दिगो विकास लक्ष्यलाई स्थानीय परिवेशअनुसार प्राथमिकीकरण गर्न आवश्यक भएको
- स्थानीय खर्चको गुणस्तर र उत्पादकत्वमा वृद्धि गर्न
- जनसहभागीताको प्रवर्द्धन गर्न
- समावेशिताको सुनिश्चितता गर्न
- विभिन्न तहका सरकारको योजनाहरूबीच समन्वय कायम गर्न
- स्रोतको दोहोरोपनको न्यूनीकरण गर्न ।

**निष्कर्ष**

दिगो विकासलाई पृथक अवधारणाका रूपमा नलिई राष्ट्रको आर्थिक तथा सामाजिक विकास र वातावरण संरक्षणको एकीकृत अवधारणाका रूपमा लिनुपर्छ । नेपालले दिगो विकास लक्ष्यलाई मुलुकको आर्थिक, सामाजिक र पर्यावरणीय परिवेशअनुसार कार्यान्वयन गरिरहेको छ । साथै संविधानले स्थानीय तहलाई सेवाप्रवाह, सुशासन, पूर्वाधार निर्माण र वातावरण संरक्षणको अभिभारा सुम्पिएका कारणले दिगो विकासका लक्ष्यको स्थानीय तहमा आन्तरिकीकरण गर्नुपरेको हो ।

**५. संकट र विपद्को भिन्नता देखाउँदै संकट व्यवस्थापनका लागि नेपालको संविधानमा भएका व्यवस्थाहरू उल्लेख गर्नुहोस् ।**

**पृष्ठभूमि**

**विपद्**

- प्राकृतिक वा मानवीय कारणबाट सिर्जित जोखिमपूर्ण, विपत्तिपूर्ण र कठिन स्थितिलाई विपद् भनिन्छ ।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ अनुसार,

'विपद् भन्नाले कुनै स्थानमा आपत्कालीन अवस्था सिर्जना भई जन वा धनको क्षतिका साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झिनुपर्छ ।'

**संकट**

- शासन प्रणालीलाई प्रभावित तुल्याउने, संगठनको कार्यसम्पादनमा अवरोध खडा गर्ने, वित्तीय अवस्थामा क्षति पुऱ्याउने तथा सरोकारवालाको नियमित काम, स्वास्थ्य तथा दैनिकीलाई अस्तव्यस्त सिर्जना गर्ने कार्य नै संकट हो
- संगठनको नियमिततामा अवरोध उत्पन्न गर्ने, नियमितभन्दा फरक, व्यापक र क्षति गर्नेगरी उत्पन्न भएका नियन्त्रण र काबुबाहिरका घटना ।

**विपद् र संकटबीच भिन्नता**

- सबै विपद् सकंट हुन्, सबै संकट विपद् होइनन्
- संकटको प्रभाव सामान्य र बृहत् दुवै प्रकृतिको हुन्छ भने विपद्को प्रभाव ठूलो र व्यापक हुन्छ
- संकट व्यवस्थापन सामान्य तबरले पनि हुन्छ भने विपद् व्यवस्थापन योजनाबद्ध हुनुपर्छ
- संकट कहिलेकाहीं अप्रत्यक्ष प्रकृतिको हुन्छ भने विपद् मूर्त र देखिने प्रकृतिको हुन्छ
- सकंट अपेक्षित रूपमा सानो र संगठनमा हुन्छ, विपद्को क्षेत्र व्यापक र सबै क्षेत्रमा देखिन्छ
- संकट पूर्वानुमान गर्न सकिने प्रकृतिको हुन्छ भने विपद् तत्कालिक र पूर्वानुमान गर्न कठिन हुन्छ
- सजगता अपनाएमा संकट रोक्न सकिन्छ भने विपद्बाट हुने क्षति न्यूनीकरण गर्न मात्र सकिन्छ ।

**संकट व्यवस्थापनका लागि संविधानमा गरिएका व्यवस्थाहरू**

- संकटकालीन अवस्थाको घोषणा
- संघीय तथा प्रादेशिक आकस्मिक कोष
- अध्यादेश जारी गर्न सकिने
- उधारो खर्च, पेस्की खर्च तथा पूरक अनुमान विधेयकको व्यवस्था
- संक्रमणकालीन व्यवस्था
- संविधान संशोधन गर्न सकिने
- जनमत संग्रहको व्यवस्था
- संवैधानिक इजलासको व्यवस्था
- अन्तर प्रदेश परिषद्को गठन
- अवशिष्ट अधिकार संघमा रहने
- राष्ट्रपतिले प्रदेश मन्त्रिपरिषद्लाई सचेत गराउन तथा प्रदेशसभा र मन्त्रिपरिषद्लाई निलम्बन वा विघटन गर्न सक्ने
- विशेष परिस्थितिमा राजनीतिक दलको निर्वाचन ५ वर्षभित्र हुन नसकेमा ६ महिना अवधि थप गर्न सकिने
- नेपाली सेनाको परिचालन हुन सक्ने
- आर्थिक विशृंखलताका कारण संकटकाल घोषणा भएको अवस्थामा सार्वजनिक पदाधिकारीको सेवासुविधा कटौती हुन सक्ने
- संकटकालीन अवस्थामा प्रतिनिधिसभाको म्याद एक वर्ष थप्न सकिने ।

**निष्कर्ष**

संकट र विपद्का आधारभूत चरित्रको मूल्यांकन गर्दै सोअनुरूप उपयुक्त रणनीति तय गरिनुपर्दछ । आकस्मिक रूपमा उत्पन्न हुन सक्ने विविध प्रकारका संकटलाई व्यवस्थापन गर्न संविधानमा अनेकन व्यवस्थाहरू गरिएका छन् । विपद् तथा संकट व्यवस्थापनका लागि विभिन्न संवैधानिक, कानुनी तथा संरचनागत व्यवस्था गरिएको अवस्था छ । राज्यका सबै निकायको क्रियाशीलताले मात्र विपद् र संकट व्यवस्थापनमा सफलता प्राप्त हुन सक्छ ।



**ताराप्रसाद ओली**
सहायक न्यायाधिवक्ता (शाखा अधिकृत)
महान्यायाधिवक्ताको कार्यालय

राजधानी
# आर्थिक
www.rajdhanidaily.com
आइतबार १६ असोज २०७९
(Sunday 2 October 2022)


सुन–चाँदी



| | |
|---|---|
| छापावाल प्रतितोला | - रू. ९३,०००/- |
| तेजाबी प्रतितोला | - रू. ९२,५००- |
| चाँदी प्रतितोला | - रू. १,१७०/- |

## दसैंमा व्यवसायीले यसरी रंगाए काठमाडौंको बजार



राजधानी समाचारदाता
काठमाडौं

झन्डै तीन वर्ष कोरोना विश्व महामारीका कारण नराम्रोसित प्रभावित भएको देशको संघीय राजधानी काठमाडौंको न्युरोड, दरबार मार्ग पुतलीसडक, गोंगबु, चावहिललगायत विभिन्न ठाउँका सपिङ सेन्टर यसपालिको दसैंमा निकै रंगीन देखिएका छन्। दसैं, तिहार, नेपाल संवत् र छठ पर्वलगायत पर्वहरू नजिकिएसँगै अहिले यहाँका बजारलाई व्यवसायीले आकर्षक ढंगले रंगाएर निकै झिलिमिली एवं लोभलाग्दो बनाएका हुन्।

काठमाडौं, ललितपुर र भक्तपुर सहरका ठूला सपिङ मलमा दसैंका व्यापारीले आफ्नो पसलअगाडि आकर्षक रंगीचंगी चंगैचंगा टाँगिदिएका छन्। साँझपख सडकमा घुम्दा दीपावलीको झल्को दिनेगरी बजारमा झिलिमिली बत्ती बालिएको छ। आकर्षक बनाएर प्रतिस्पर्धात्मक बनाइएको काठमाडौं उपत्यकाको बजारमा अहिले दसैंका किनमेल गर्नेहरूको निकै बाक्लो भिड र आकर्षण छ। लगातार चाडपर्व आउने र यो बेला व्यापार बढ्ने हुँदा व्यापारीहरू आफ्नो व्यवसाय प्रतिष्ठानलाई सजाएका हुन्।

दसैं लागेसँगै काठमाडौंका विभिन्न ठाउँका बजार सजिसजाउ देख्न सकिन्छ। काठमाडौं उपत्यकाका बजार क्षेत्रका जुनसुकै गल्लीमा दसैंका लागि सामग्री किन्ने सर्वसाधारणको घुइँचो बढेको छ। उपत्यकाबाट दसैं मनाउन गाउँघर फर्किनेहरू र उपत्यकामै दसैं मनाउनेहरू एकैपटक बजारमा पुग्दा चाप बढेको हो। अर्कातिर यही बेला विदेशबाट दसैं मनाउन आउनेहरू पनि छन्।

नियमित रूपमा सञ्चालन भइरहेको सपिङ सेन्टर, कपडा होलसेल पसल तथा विभिन्न रूपमा दसैं पर्वका लागि सजिएका पसललाई केही दिनदेखि चटारो परेको छ। दसैंमा देखिएको यो भिड भोलि फूलपातीको दिनसम्म कायमै रहने स्थानीय व्यवसायीले बताएका छन्।

## वैदेशिक रोजगारीमा ठगिएकालाई ४८ करोड क्षतिपूर्ति

राजधानी समाचारदाता
काठमाडौं




सरकारले वैदेशिक रोजगारीका क्रममा विभिन्न मुलुकमा पगेर ठगीमा पर्नेहरूलाई चालू आर्थिक वर्ष २०७९/८० मा ४८ करोड रुपैयाँभन्दा बढी क्षतिपूर्ति उपलब्ध गराएको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शेरबहादुर कुँवरले आफ्नो ९० दिने कार्यकालमा भएका प्रगति विवरण सार्वजनिक गर्न आयोजना गरेको पत्रकार सम्मेलनमा यस्तो जानकारी गराएका हुन्।

उनले वैदेशिक रोजगारीका क्रममा ठगी गर्ने, अलपत्र पार्ने र सम्झौतामा उल्लेख भएअनुसारको काममा नलगाउने जस्ता कार्य गराएको भनी वैदेशिक रोजगार विभागमा आएका निवेदनका आधारमा चालू आर्थिक वर्षमा पीडकबाट क्षतिपूर्ति भराएको ४८ करोड ४ लाख ८५ हजार रुपैयाँ क्षतिपूर्ति पीडितलाई उपलब्ध गराइएको बताए।

उनले वैदेशिक रोजगारीका क्रममा भएका ठगीको उजुरी प्रमुख जिल्ला अधिकारीले हेर्न पाउने र उजुरीउपर कारबाही गरी पीडितलाई क्षतिपूर्ति दिलाउने व्यवस्थाको कार्यान्वयनलाई प्रभावकारी बनाइएको पनि बताए।

मन्त्री कुँवरले नेपालबाट बेलायतमा स्वास्थ्य क्षेत्रका जनशक्ति पठाउनेसम्बन्धी श्रम समझदारीपत्रमा हस्ताक्षर भई काम अगाडि बढेको पनि उल्लेख गरे।

यसैगरी, रोमानियाको भिसा प्रक्रियालाई सरल बनाउन वैदेशिक रोजगार कार्यालय ताहाचलमा अस्थायी रूपमा रोमानिया मिसन स्थापना गरिएको उनले जानकारी दिए। इजरायलमा नेपाली सहयोगी कामदार पठाउनेसम्बन्धी निर्देशिका, २०७८ समसामयिक बनाउने कार्यदल गठन भई कार्य भइरहेको पनि उनले बताए।

सातवटै प्रदेशमा रहेका श्रम तथा रोजगार कार्यालयबाट वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति दिने काम भइरहेको जनाइएको छ।

त्यसैगरी, श्रममन्त्री कुँवरले प्रधानमन्त्री रोजगार कार्यक्रम, युवा रोजगारीका लागि रूपान्तरण पहल परियोजना, रोजगार प्रवर्द्धन कार्यक्रम र वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको पुन: एकीकरण परियोजना प्रदेश तथा स्थानीय तहबाट हुनेगरी कार्यान्वयन गरिएको उल्लेख गरे। उनले श्रमिक अस्पतालको निर्माण सम्भाव्यता अध्ययन कार्यदलले अस्पताल निर्माण सम्भाव्य स्थलको पहिचान गर्नेसम्बन्धी प्रतिवेदन तयार भई जग्गा प्राप्तिको प्रक्रिया अगाडि बढेको बताए।

श्रम बजारमा प्रवेश गर्ने जनशक्तिलाई स्वदेशमै रोजगारी उपलब्ध गराउने उद्देश्यले व्यावसायिक सिप तथा तालिम प्रदान गर्ने कार्यक्रम सञ्चालन भइरहेको उनको भनाइ छ।

त्यसैगरी, मन्त्रालयले कम्तिमा २ वर्ष सामाजिक सुरक्षामा योगदान गर्ने योगदानकर्तालाई कोरोनरी आर्टरी बाइपास वा ओपनहार्ट सर्जरी, मस्तिष्कघात, मिर्गौला रोग, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर्स, स्पाइनलाइन्जुरी, हेडइन्जुरी, सिकलसेल, एनिमिया, हेमोफेलिया र थालासेमियालगायतका १० प्रकारका घातक रोग लागेमा १० लाख रुपैयाँसम्म उपचार खर्च प्रदान गर्ने व्यवस्था गरिएको बताइएको छ।

श्रममन्त्री कुँवरका अनुसार सामाजिक सुरक्षा कोषमा सूचीकृत श्रमिकका स्नातक तहको प्रथम वर्षमा भर्ना भई अध्ययन गरिरहेका सन्ततिलाई प्रत्येक प्रदेशबाट १२ जनाका दरले ८४ जनाले स्वदेशी शैक्षिक संस्थामा अध्ययन गर्न छात्रवृत्ति प्रदान गरिने भएको छ। जसका लागि योगदानकर्ता सन्तति छात्रवृत्ति सञ्चालन कार्यविधि २०७९, स्वीकृत गरिएको उनले जानकारी दिए।

## मलेसियामा श्रमिक सहायता केन्द्र स्थापना गरिने

### हुन्डीमार्फत रकम नपठाउन राजदूत पौडेलको आग्रह

राजधानी समाचारदाता
काठमाडौं



मलेसियाका लागि नवनियुक्त नेपाली राजदूत डिल्लीराज पौडेलले मलेसियामा नेपाली श्रमिक/कामदारहरूले भोगेका विविध समस्या समाधानका लागि श्रमिक सहायता केन्द्र स्थापना गर्ने प्रतिबद्धता जनाएका छन्।

गैरआवासीय नेपाली संघसहित मलेसियामा रहेका नेपाली संघ-संस्थाले आयोजना गरेको स्वागत कार्यक्रममा राजदूत पौडेलले यस्तो प्रतिबद्धता जनाएका हुन्।

उनले घर फिर्ती, तलब सुविधा, आवास, कानुनी समस्या तथा स्थानीय प्रशासनसँग सम्बन्धित समस्यालाई तत्काल समाधान गर्न २४सै घण्टा सञ्चालन हुनेगरी श्रमिक सहायता केन्द्र सञ्चालन गरिने बताए।

यसैगरी, उनले विभिन्न कारणले समस्यामा परेका नागरिकको उद्धार तथा समस्या समाधानका लागि कल सेन्टर, कानुनी सहायता तथा सेल्टरलाई व्यवस्थित गरिने बताए।

सो कार्यक्रममा राजदूत पौडेलले मलेसियामा रहेका नेपाली संघसंस्थासँग समन्वय तथा सहकार्यलाई विशेष महत्त्व दिने तथा दूतावास पुग्न नसक्ने स्थानमा नेपाली संघसंस्थालाई परिचालन गर्ने योजना रहेको समेत बताए।

नेपाल सरकार तथा मलेसिया सरकारबीच सन् २०१८ अक्टोबरमा भएको श्रम समझदारीमा उल्लेखित श्रमिक अधिकारका विषयको प्रभावकारी कार्यान्वयन आफ्नो प्राथमिकतामा रहेको उनको भनाइ थियो।

उनले मलेसियामा रहेका नेपालीलाई औपचारिक च्यानल (बैंकिङ च्यानल)बाट मात्र रेमिट्यान्स पठाउन आग्रह गर्दै हुन्डीलगायत अवैध माध्यमको प्रयोगलाई नियन्त्रण गर्नेसमेत बताएका छन्।

यसैगरी, राजदूत पौडेलले मुलुकको हितका लागि नेपाल र मलेसियाबीचको सम्बन्ध समधुर बनाउन आफू लागिपर्ने बताए।

मलेसियाको क्वालालम्पुर स्थित ग्रान्ड कन्टिनेन्टल होटलमा सम्पन्न भएको सो कार्यक्रममा एनआरएनए मलेसियाका अध्यक्ष विनोद थापालगायतले नवनियुक्त राजदूत पौडेललाई स्वागत गरेका थिए।

मलेसिया नेपाली कामदारका लागि प्रमुख र आकर्षक श्रम गन्तव्य मुलुकको रूपमा रहेको छ। हाल करिब साढे २ लाखभन्दा धेरै नेपाली कामदार कार्यरत रहेको मलेसियामा दैनिक २ हजारको संख्यामा नेपाली कामदार जान थालेका छन्।

जसका कारण हाल नेपाल भित्रिने रेमिट्यान्स रकममध्ये मलेसियाबाट आउने हिस्सा सबैभन्दा बढी एवं कुल रेमिट्यान्सको झन्डै एक तिहाइभन्दा बढी रहेको छ।

## कुमारी बैंकद्वारा बिमा सुविधाबापतको रकम भुक्तानी

**काठमाडौं/रास–** कुमारी बैंकले बिमा सुविधाबापतको रकम भुक्तानी गरेको छ।

परिवार सुरक्षा बचत खाताअन्तर्गत कुस्मा शाखामा बचत खाता खोलेका सात जना ग्राहकलाई खातामा उपलब्ध बिमा सुविधाबापतको रकम भुक्तानी गरेको हो।

सो शाखामा परिवार सुरक्षा बचत खाता खोलेका गोकर्णबहादुर श्रेष्ठ, शान्ति नेपाली, अमृताकुमारी कँडेल, रामचन्द्र श्रेष्ठ, शक्ति श्रेष्ठ, नरेन्द्र भुवाजी र कविता श्रेष्ठलाई क्रमश: ३३ हजार २ सय ५०, ३८ हजार, ३८ हजार, ३८ हजार, १७ हजार १ सय, २८ हजार ७७ रुपैयाँ २५ पैसा र ३८ हजार रुपैयाँ बराबरको चेक बैंकका शाखा प्रबन्धक दीपकराज पौडेलले एक कार्यक्रमका बीच हस्तान्तरण गरे।

बैंकले सो बिमा रकम नेको इन्सुरेन्ससँगको सहकार्यमा भुक्तानी गरेको हो। यस बैंकको उक्त बचत खातामा बिमा सुरक्षण योजनाअन्तर्गत २६ लाख रुपैयाँसम्मको सुविधा प्राप्त हुने बैंकले जानकारी गराएको छ। साथै, यस बचत योजनाअनुसार खातावालालाई नि:शुल्क डेबिट कार्ड, मोबाइल बैंकिङ र इन्टरनेट बैंकिङ सेवा उपलब्ध छ।

कुमारी बैंकले आफ्ना देशव्यापी १ सय ९९ शाखा सञ्जाल, १ सय ९५ एटीएम, ५४ शाखारहित बैंकिङ इकाई तथा ३४ एक्सटेन्सन काउन्टरबाट अत्याधुनिक बैंकिङ सुविधा दिँदै आएको र आगामी दिनमा अझ सुरक्षित, सरल, सुलभ तथा उत्कृष्ट सेवा प्रदान गर्न डिजिटल पूर्वाधार प्रविधि र क्षमतालाई सुदृढ पार्दै लगिने प्रतिबद्धता जनाएको छ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि


### कम्पनीको नाम परिवर्तन भएको

सार्वजनिक सूचना

कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता मिति २०७५।०९।१२ मा दर्ता नं. २०५३८६/०७५/०७६ मा दर्ता भै संचालनमा रहेको लि-वर्ड कन्सल्टीङ्ग प्रा.लि. कम्पनीको मिति २०७६।०९।२६ मा बसेको बार्षिक साधारण सभाको निर्णय बमोजीम कम्पनीको नाममा रहेको सम्पुर्ण चल अचल सम्पत्ति तथा तिर्नु बेहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित कम्पनी लिङ्स कन्सल्टीङ्ग प्रा.लि.ले सकार्ने बेहार्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वरको मिति २०७९।०५।०६ गतेको निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गर्ने स्वीकृति तथा अभिलेख प्रदान गरेको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



### Vacancy Announcement

**(Date of publication: 02 October 2022)**

Trekking Agencies' Association of Nepal (TAAN) - a reputed national tourism organization actively involved in the field of trekking and adventure tourism in Nepal seeks applications from qualified candidates for the following positions for the period of six months with the possibility of extension.

**1-: Position: Chief Executive Officer (CEO)**
**2-: Position: Communication/Media Officer**

**Application Instructions-:** Interested Nepalese citizen are requested to submit their application directly to the TAAN Secretariat, Maligaon, Kathmandu Nepal or through email: taansecretariat@gmail.com or info@taan.org.np no later than 5.00 PM on 14 October 2022. Applicants are required to submit their application with recent CV, a letter of interest with expected salary and copies of citizenship certificate, academic qualification and experience credentials.

TAAN encourage both female and male candidates to apply. Only shortlisted candidates will be invited for the interview. TAAN Executive Board reserves all right to make decisions regarding the entire selection process.

For more detail visit merojob.com/taan or taan.org.np

Scan & apply

**Trekking Agencies' Association of Nepal**
Maligaon, Ganeshthan, Kathmandu, Nepal
www.taan.org.np


## प्रभु क्यापिटल र क्वेस्ट इन्टरनेसनल कलेजबीच समझदारी

**काठमाडौं/रास–** प्रभु क्यापिटल लिमिटेड र क्वेस्ट इन्टरनेसनल कलेजबीच समझदारी भएको छ। सो समझदारीपत्रमा प्रभु क्यापिटल लिमिटेडका प्रबन्ध निर्देशक दिनेश थकाली र क्वेस्ट इन्टरनेसनल कलेजका बीबीए डाइरेक्टर श्रीमती ज्योति शेरचनले हस्ताक्षर गरेका हुन्।

देशमा दक्ष व्यवस्थापकीय क्षमता भएका जनशक्ति उत्पादन गर्ने तथा विद्यार्थीलाई वित्त तथा व्यवस्थापनको क्षेत्रमा व्यावहारिक शिक्षा प्रदान गर्नेलगायतका विषयमा सहकार्य गर्नेगरी सो आपसी समझदारीपत्रमा सम्झौता भएको हो।

सो सम्झौताअनुसार प्रभु क्यापिटलले सो कलेजका व्यवस्थापन विभागको बीबीए तहमा अध्ययनरत विद्यार्थीलाई प्रोत्साहन गर्ने हेतुले प्रभु क्यापिटलले सेयर बजारसम्बन्धी विभिन्न तालिम प्रदान गर्ने तथा विभिन्न सेवामा सहुलियत दिइनेछ।

यसैगरी, कलेजले क्यापिटलको अनुसन्धान तथा विश्लेषण कार्यमा मद्दत पुग्नेलगायतका विषय समेटेर सो कलेजका व्यवस्थापन विभागका फ्याकेल्टी मेम्बर तथा विद्यार्थीसँग सहकार्य गर्ने सम्झौता भएको छ।

PRABHU CAPITAL
(A Subsidiary of Prabhu Bank Limited)

Quest International College
Affiliated to Pokhara University

## सीबीआईएलले ब्रोकर आवेदन दिन २० करोड चुक्ता पुँजी पुऱ्याउने

**काठमाडौं/रास–** सिटिजन्स बैंकको सहायक कम्पनी सीबीआईएल सेक्युरिटिजले २० करोड चुक्ता पुँजी पुऱ्याउने भएको छ। सो कम्पनीले प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गरी अधिकृत पुँजी, जारी पुँजी र चुक्ता पुँजीमा बढाउने भएको हो।

यसैगरी, सो कम्पनीले नियामकको नयाँ व्यवस्थाअनुसार हालको अधिकृत पुँजीलाई बढाएर ६० करोड रुपैयाँ पुऱ्याउने भएको छ। यसैगरी, जारी गर्ने र चुक्ता पुँजी २० करोडमा विस्तार गर्ने जनाएको छ।

कम्पनीले प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक फेरबदल गर्न आगामी २३ असोजमा विशेष साधारण सभा डाकेको छ। अहिले केबीएल सेक्युरिटिज लिमिटेडको चुक्ता पुँजी २ करोड रुपैयाँ मात्र छ। कम्पनीको अधिकृत पुँजी ५ करोड रुपैयाँ हो।

नियामक धितोपत्र बोर्डले धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावलीलाई पाँचौंपटक संशोधन गरी ब्रोकर कम्पनीलाई तीनवटा तहमा विभाजन गर्दै चुक्ता पुँजी बढाएको हो।

नियमावलीअनुसार समिति कार्य गर्ने धितोपत्र सेवा, पूर्ण कार्य गर्ने धितोपत्र दलाल सेवा र धितोपत्र व्यवसायी (स्टक डिलर)मा ब्रोकर कम्पनी बाँडिएका छन्। चुक्ता पुँजी २० करोड रुपैयाँदेखि डेढ अर्ब रुपैयाँ तोकिएको छ। बोर्डले तहअनुसारको कार्य अधिकार पनि विभाजन गरेको हो।


### मलेशियामा रोजगारी

1. BOONKEY ZHAN SDN. BHD.

Pre Approval Date: 2022/09/29 | Challani No. 60188570 | LOT No. 272568 | City: Malaysia

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रु. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing | 14 | 0 | 1500 | 42764 | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता मिति २०७९/०६/२४ गते (10 Oct. 2022) मेनपावरको कार्यालयमा हुनेछ ।

| स्वदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बीमा कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | शेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले दिने | रोजगादाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाता कम्पनीले दिने | रोजगारदाताले व्यहोर्ने | कामदार आफैंले | रु. ७००/- कामदार आफैंले | रु. १,५००।- कामदार आफैंले | नि:शुल्क |

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य रुपमा लिनुहोला । २) आफु काम गर्न जाने मूलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५) विदेश जानुअघि आफु जाने मूलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौता पत्र मा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफुसँग सुरक्षित राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रर्वद्धन विभाग, ताहाचलमा सम्पर्क राख्नुहोला ।

प्याराडाईज इन्टरनेशनल प्रा. लि.
बखुन्डोल, ललितपुर, (कोपुण्डोल सर्वाङ्ग हस्पिटलबाट भित्र, नर्वे एम्बेसीसँगै)
ISO 9001:2000 CERTIFIED ORGANISATION
Lic No.: 187/057/058
सम्पर्क: 5534042, 5533435


C M Y K

# राजस्व संकलनको लक्ष्य भेटाउन सरकार

**मधुजंग पाण्डे/राजधानी**
काठमाडौं

चालू आर्थिक वर्ष २०७९/८० को बितेका दुई महिना साउन र भदौमा सरकारले राजस्व संकलनको लक्ष्य भेटाउन सकेको छैन। मुलुकको राजस्व संकलनको अख्तियारी प्राप्त आन्तरिक राजस्व विभाग र भन्सार विभागले सो अवधिमा लक्ष्यअनुसार राजस्व संकलन गर्न असफल भएका हुन्।

यी दुवै विभागले चालू आर्थिक वर्षको भदौसम्ममा कुल १ खर्ब ६५ अर्ब ८८ करोड रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य लिएकोमा जम्मा १ खर्ब ३५ अर्ब रुपैयाँ मात्रै संकलन गर्न सकेका छन्। यो लक्ष्यभन्दा १८ प्रतिशतले न्यून हो।

गत आर्थिक वर्षको भदौसम्ममा भने यी दुवै विभागले १ खर्ब ५२ अर्ब रुपैयाँ राजस्व संकलन गरेका थिए। यो आर्थिक वर्षको दुई महिनामा गत आवको भन्दा करिब १२ प्रतिशत कम राजस्व संकलन गरेका छन्।

भन्सार विभागले चालू आर्थिक वर्षको बितेका दुई महिना साउन र भदौमा गत आवमा संकलन गरे बराबरको पनि राजस्व संकलन गर्न सकेको छैन। विभागले चालू आर्थिक वर्षको दुई महिनामा गत आर्थिक वर्षको दुई महिना संकलन गरेको भन्दा २४ दशमलव ८ प्रतिशतले न्यून राजस्व संकलन गरेको देखिएको छ।

यसैगरी, आन्तरिक राजस्व विभागले पनि चालू आवको सोही अवधिमा लक्ष्यअनुसार राजस्व संकलन गर्न नसके पनि गत आर्थिक वर्ष संकलन गरेको भन्दा ४ प्रतिशत बढी राजस्व संकलन गरेको जनाएको छ। गत भदौ मसान्तसम्ममा भन्सार विभागले लक्ष्यको ७४ प्रतिशत राजस्व संकलन गर्दा आन्तरिक राजस्व विभागले भने लक्ष्यको ९० प्रतिशत राजस्व संकलन गरेको छ। चालू आर्थिक वर्षको भदौसम्ममा भन्सार विभागले ९० अर्ब २८ करोड रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य लिएकोमा जम्मा ६७ अर्ब ४२ करोड रुपैयाँ मात्र राजस्व संकलन गर्न सकेको छ। विभागले गत आर्थिक वर्षको भदौसम्ममा भने ८७ अर्ब ३४ करोड रुपैयाँ राजस्व संकलन गरेको थियो।

भदौमा मात्रै आन्तरिक राजस्व विभागले ५० अर्ब ५८ करोड रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य लिएकोमा जम्मा ३५ अर्ब २३ करोड रुपैयाँ मात्र संकलन गर्न सफल भएको छ। यो लक्ष्यको ७० प्रतिशत मात्र हो। गत आर्थिक वर्षको भदौमा मात्र विभागले ४६ अर्ब २७ करोड रुपैयाँ राजस्व संकलन गरेको थियो।

त्यसैगरी, आन्तरिक राजस्व विभागले पनि लक्ष्यअनुसार राजस्व संकलन गर्न असफल भएको छ। विभागले भदौसम्ममा ७५ अर्ब ६० करोड रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य लिएको थियो। सो अवधिमा जम्मा ६७ अर्ब ९१ करोड रुपैयाँ मात्र राजस्व संकलन गर्न सफल भएको छ।

गत आवको भदौसम्ममा विभागले ६५ अर्ब ६० करोड रुपैयाँ राजस्व संकलन गरेको थियो। चालू आर्थिक वर्षको बितेका दुई महिनामा आन्तरिकतर्फ ७ अर्ब ५० करोड रुपैयाँ अन्तःशुल्क संकलन गर्ने लक्ष्य लिएकामा ९ अर्ब ५७ करोड रुपैयाँ संकलन भएपछि गत वर्षभन्दा २ अर्ब बढी राजस्व संकलन गर्न सफल भएको छ।

गत आर्थिक वर्षभन्दा केही बढी राजस्व संकलन गर्न सकेको विभागले चालू आवको भदौसम्मको राजस्व लक्ष्य भने पूरा गर्न सकेको छैन। भदौमा मात्र कुल ३१ अर्ब ७१ करोड रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य लिएको आन्तरिक राजस्व विभागले जम्मा २८ अर्ब ११ करोड रुपैयाँ मात्र संकलन गर्न सकेको छ। यो लक्ष्यको ८९ प्रतिशत मात्र हो। भन्सार विभागका सूचना अधिकारी पुण्यविक्रम खड्काले छिमेकी मुलुक भारतसँगको व्यापारमा प्रतीतपत्र (एलसी) अनिवार्य भएपछि अवैध व्यापार बढेको आशंका गरे।



- दुई महिनामा १२ प्रतिशतले घट्यो राजस्व
- चालू खर्च धान्नै कठिन

बैंकिङ प्रणालीबाट कारोबार गर्न अनिवार्य गरिएपछि साना व्यवसायीले एलसी खोल्न झन्झट मानेको जानकारी गराउँदै खड्काले भने, 'एलसी अनिवार्य गरिएपछि छोटी भन्सारबाट सानो परिमाणको सामान भित्रिएको छैन। तर, बजारमा सामानको अभाव पनि छैन। त्यसैले, अवैध व्यापार बढ्यो कि भन्ने आशंका छ।'

यसले चालू खर्च धान्न कठिन हुने र वित्तीय व्ययभार बढाउने विभागले जनाएको छ। गत आर्थिक वर्ष आयात भएको १९ खर्ब २० अर्ब रुपैयाँको सामान खपत हुँदा आयातसमेत नबढेकाले गत आर्थिक वर्षभन्दा कम राजस्व संकलन भएको खड्काको भनाइ छ।

यो आर्थिक वर्षको सो अवधिमा १५ खर्बभन्दा बढीको आयात गर्ने सम्भावना नरहेकाले सरकारले ८ खर्ब पनि राजस्व संकलन गर्ने छाँटकाँट नदेखिएको अर्थ मन्त्रालयले जनाएको छ।

बढ्दो आयात नियन्त्रणको प्रयासले हाल वैदेशिक मुद्राको सञ्चिति घट्दो क्रममा रहेको सरकारको दाबी छ। हाल सरकारले विभिन्न विलासिताको वस्तुहरूमाथी लगाउँदै आएको आयात प्रतिबन्धको व्यवस्थालाई कायमै राखेको छ। यस्तो अवस्थामा पनि वास्तविक तथ्यलाई बेवास्ता गर्दै भन्सार विभागलाई यो वर्षको राजस्व लक्ष्य दिएको थियो।

गत आर्थिक वर्षमा ५ खर्ब ६ अर्ब रुपैयाँ राजस्व संकलन गरेको विभागलाई चालू आर्थिक वर्षमा ६ खर्ब ६८ अर्ब रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य दिइएको छ।

चालू आवको बितेका दुई महिनाको आर्थिक गतिविधिको आधारमा यो वर्ष लक्ष्यअनुसार राजस्व संकलन हुने सम्भावना नरहेको भन्सार विभागका अधिकारीहरूले नै बताएका छन्।

अघिल्लो वर्षभन्दा यो वर्ष २० प्रतिशतभन्दा बढी राजस्व संकलन हुन करका दर बढाएर मात्रै सम्भव नहुने बताउँदै भन्सार विभागका सूचना अधिकारी खड्काले भने, 'देशमा आर्थिक गतिविधि नै बढ्नु पर्छ। तर, पछिल्लो समय आर्थिक गतिविधि नै सुस्त भएकाले राजस्व लक्ष्य प्रभावित भएको हो।'

सो अवधिमा अर्थ मन्त्रालयले गत वर्ष भन्सार विभागले संकलन गरेको राजस्व भन्दा ३२ प्रतिशत बढी राजस्व संकलन गर्ने लक्ष्य दिएको थियो।

भन्सार विभागभन्दा आन्तरिक राजस्व विभागको अवस्था पनि फरक छैन। गत आर्थिक वर्षमा ४ खर्ब ८३ अर्ब रुपैयाँ राजस्व संकलन गर्न सकेको विभागलाई चालू आर्थिक वर्षमा ६ खर्ब २६ अर्ब रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य दिइएको छ।

चालू आर्थिक वर्षमा लक्ष्यअनुसार राजस्व संकलन गर्न विभागले गत आर्थिक वर्षभन्दा ३० प्रतिशत बढी रकम संकलन गर्नुपर्छ। यो वर्ष बैंक वित्तीय संस्थाको नाफा घट्ने, आर्थिक गतिविधि खुम्चिँदै जाने देखिएकाले विभागलाई लक्ष्यअनुसार राजस्व संकलन कठिन हुने अर्थ मन्त्रालयका अधिकारीहरूले बताएका छन्।

नीति निर्माताहरूले बजेटको आकार बढाउँदै चालू खर्च बढाउन कुनै अध्ययनबिना राजस्व लक्ष्य लिँदा भन्सार विभाग र आन्तरिक राजस्व विभाग लक्ष्यअनुसार राजस्व संकलन गर्न असफल भएको सम्बन्धित सरोकारवालाको भनाइ छ।

उनीहरूले गत वर्ष बराबर पनि राजस्व संकलन हुन नसकेर वित्तीय व्यवस्थापनमा कठिनाइ आउने अवस्था आउँदासमेत अर्थ मन्त्रालय खर्च घटाउने वा राजस्व बढाउने योजना बनाउन असफल भएको दाबी गरेका छन्। अर्थ मन्त्रालयका अधिकारीहरूले पनि चालू आर्थिक वर्षको राजस्व लक्ष्य हचुवाका आधारमा तय भएको स्वीकार गरेका छन्।

अर्थमन्त्री जर्नादन शर्मा, अर्थ सचिव कृष्णहरि पुष्कर, राजस्व सचिव रामेश्वर दंगाललगायतलाई पनि लक्ष्यअनुसार राजस्व संकलन नभएकोमा चिन्ता नभएको बताउँदै ती अधिकारीले भने, 'आयात बढ्दा हाम्रो राजस्व बढ्ने हो। आयात प्रतिबन्ध लगाएको अवस्थामा भन्सारको राजस्व ३२ प्रतिशतले बढ्दैन भन्ने प्रष्ट थियो।'

उनले अर्थमन्त्री र अर्थ सचिवले कुनै चासो नदेखाएकाले पनि भन्सार बिन्दुबाट आउनुपर्ने सामान राजस्व चोरी निकासी भएर आइरहेको जानकारी दिए।

राजस्व परामर्श समितिले अर्थ मन्त्रालयलाई बुझाएको प्रतिवेदनमा समेत पछिल्लो समय चोरी निकासी बढेको उल्लेख छ। 'कर्मचारीले एक दिन मात्रै मिलिमतो गर्ने हो भने अर्बौं रुपैयाँको सामान अवैध रूपमा आयात हुने बताउँदै एक भन्सार कार्यालयका अधिकृतले भने, 'निर्वाचनमा नेतालाई सहयोग गर्ने भन्दै भन्सार अधिकृत र कर अधिकृतको सरुवा भएको छ। यस्तो अवस्थामा सरकारी ढुकुटीमा राजस्व बढ्दैन।'

राजनीतिक नेतृत्वको संरक्षणमै अवैध असुलीको धन्दा बढिरहेकाले राजस्व चुहावट नियन्त्रणका लागि काम गर्नुपर्ने राजस्व अनुसन्धान विभाग सुस्त भएको अर्थ मन्त्रालयका एक अधिकारीको भनाइ छ। यो आर्थिक वर्ष १७ खर्ब ९३ अर्ब रुपैयाँको बजेट ल्याएको सरकारले १४ खर्ब रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य लिएको छ।

जसमा संघ सरकारले प्रयोग गर्ने राजस्व १२ खर्ब ४० अर्ब रुपैयाँ र प्रदेश र स्थानीय तहमा १ खर्ब ६० अर्ब रुपैयाँ बाँडफाँट गर्ने बजेटमा उल्लेख छ। यो वर्ष सरकारले ७ खर्ब ५३ करोड रुपैयाँ चालू खर्च योजना बनाएको छ।

यही गतिमा राजस्व संकलन भए सरकारलाई आन्तरिक स्रोतबाट चालू खर्च व्यवस्थापन गर्नसमेत कठिन हुनेछ। लक्ष्यअनुसार राजस्व संकलन नभए ४ खर्ब २९ अर्ब रुपैयाँ प्रदेश र स्थानीय तहमा वित्तीय हस्तान्तरण गर्न, ३ खर्ब ८० अर्ब रुपैयाँ पुँजीगत खर्च गर्न र २ खर्ब ३० अर्ब रुपैयाँ वित्तीय व्यवस्थापनमा खर्च गर्न कठिन हुने निश्चित छ।

## वित्तीय विवरणमा सैद्धान्तिक स्वीकृति लिनुपर्ने व्यवस्था हट्यो




**राजधानी समाचारदाता**
काठमाडौं

नियामक निकाय बिमा समितिले बिमा कम्पनीहरूले सैद्धान्तिक स्वीकृति लिनुपर्ने व्यवस्था हटाएको छ। बिमा समितिले शुक्रबार एक परिपत्र जारी गर्दै सम्बन्धित बिमा कम्पनीलाई यस्तो व्यवस्था हटाएको बारे जानकारी गराएको हो।

सोही परिपत्रमार्फत समितिले यो व्यवस्था कार्यान्वयन गर्न सबै कम्पनीलाई निर्देशन दिएको छ। बिमा कम्पनीले बिमांकीय मूल्यांकनपछि तयार हुने लेखापरीक्षण भएको बित्तीय विवरणका अन्तिम स्वीकृतिका लागि बिमा समितिमा पेस गर्न पनि सो परिपत्रमार्फत भनेको छ।

बिमा कम्पनीले वित्तीय विवरणको बिमांकीय मूल्यांकनबाट आउने दायित्वबाहेकका सम्पत्ति, दायित्व, आम्दानी, खर्च, व्यवस्थापन खर्चको बाँडफाँट, लगानी तथा अन्यबाट आयको बाँडफाँटलगायत लेखामानको पालना तथा समितिबाट जारी भएको बिमा ऐन, नियमावली र निर्देशिकामा भएको व्यवस्थाबमोजिम वित्तीय विवरण तयार गरिएको सुनिश्चितता गर्नका लागि बिमा कम्पनीको वित्त प्रमुख तथा प्रमुख कार्यकारी अधिकृत जिम्मेवार हुनुपर्ने समितिले जानकारी गराएको छ।

यसअघिको व्यवस्था हटाउँदै समितिले यो निर्देशिकामा नयाँ व्यवस्था लागू गरेको हो। बिमा समितिले कम्पनीको वित्त प्रमुख तथा प्रमुख कार्यकारी अधिकृतलाई नै जिम्मेवार बनाउँदै सैद्धान्तिक स्वीकृति लिनुपर्ने व्यवस्था हटाइएको समेत जानकारी गराएको छ।

बिमा कम्पनीहरूले स्वीकृतिका लागि समितिमा पेस गरेको वित्तीय विवरणमा आयव्यय हिसाबको बचत वा नोक्सानीमा फरक परेको देखिएमा तथा अन्य गम्भीर त्रुटि देखिन आएमा समितिले बिमकको बोनस सेयर तथा लाभांश वितरणमा रोक लगाउन वा सोलाई घटाउन निर्देशन दिन सक्ने सो

## कुमारी बैंकले साढे १२ प्रतिशत नगद लाभांश दिने

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**काठमाडौं/रास–** कुमारी बैंकले लाभांश घोषणा गरेको छ। १४ असोज शुक्रबार बिहान बसेको बैंक सञ्चालक समितिको बैठकले आर्थिक वर्ष २०७८/७९ को मुनाफाबाट सेयर धनीलाई लाभांश वितरण गर्ने प्रस्ताव गरेको हो।

बैंकले गत आर्थिक वर्षको मुनाफाबाट सेयर धनीलाई १२.५० प्रतिशत नगद लाभांश दिने प्रस्ताव गरेको छ। लाभांशमा लाग्ने करसमेत हुनेगरी सो लाभांश प्रस्ताव गरिएको बैंकले जनाएको छ। बैंकले बोसन सेयर भने प्रस्ताव नगरेको जनाएको छ।

हाल कायम चुक्ता पुँजी १४ अर्ब ७१ रोड ११ लाख ८३ हजार ३ सय २६ रुपैयाँको १२.५० प्रतिशत नगद लाभांश बाँड्ने बैंकले साधारण सभाको मिति भने तय नभएको जनाएको छ।

बैंकको प्रस्तावित लाभांश नेपाल राष्ट्र बैंकको स्वीकृति र आगामी वार्षिक साधारण सभाबाट पारित भएपछि सेयरधनीमा वितरण हुने बैंकले जनाएको छ।

## जग्गा धितोमा अब डिजिटल नक्साकै आधारमा बैंकहरूले ऋणप्रवाह गर्न पाउने

**राजधानी समाचारदाता**
काठमाडौं

सरकारले बैंक तथा वित्तीय संस्थामा जग्गा धितो राख्नका लागि अब एमोनिया नक्सा आवश्यक नपर्ने तथा डिजिटल नक्साकै भरमा हुने व्यवस्था लागू गरेको छ। यस्तो नयाँ व्यवस्था कार्यान्वयनमा ल्याउने सम्बन्धमा नेपाल राष्ट्र बैंकले निर्देशन जारी गर्दै डिजिटल नक्साकै आधारमा ऋणप्रवाह गर्न पाइने व्यवस्था गरिदिएको हो।

नयाँ नीतिसँगै हाल बैंकिङ प्रणालीमा कुनै फेरबदल आउनेछैन्। बैंकहरूले विगत एक वर्षभन्दा बढी समयदेखि डिजिटल नक्साकै आधारमा ट्रेस नक्सा उतारेर ऋणप्रवाह गर्दै आएका थिए।

अब नापी विभागबाट हालै सञ्चालनमा ल्याइएको अनलाइन प्रविधिमा आधारित मेरो कित्ता प्रणालीमार्फत सेवा लिन सक्ने व्यवस्था मिलाइएकाले सो प्रणालीमार्फत सेवा लिन सक्ने राष्ट्र बैंकले इजाजतप्राप्त 'क'देखि 'घ' वर्गका सबै बैंक तथा वित्तीय संस्थालाई एक परिपत्रमार्फत जानकारी गराएको छ।

यसैगरी, राष्ट्र बैंकले सम्बन्धित संस्थाले युजर एकाउन्ट लिई डिजिटल प्रणालीमार्फत जग्गाको नाप नक्सा तथा जग्गा प्रशासनसम्बन्धी सेवाप्रवाह निर्देशिका २०७८' को अनुसूची ४ बमोजिमको ढाँचामा निवेदन अपलोड गरी अनलाइन प्रणालीमार्फत कित्ता नापी नक्सा, फिल्डबुक, प्लट रजिस्टर प्रिन्ट तथा राजस्व भुक्तानीलगायतका सेवा नापी कार्यालयमा उपस्थित नभई प्राप्त गर्न सक्ने व्यवस्था मिलाइएको उल्लेख गरेको छ।

## निर्यात क्षमता गुमाइरहेको विश्व बैंकको प्रतिवेदन

**राजधानी समाचारदाता**
काठमाडौं

नेपालले अहिलेभन्दा आठ गुणा बढी निर्यात गर्न सक्ने सम्भावना गुमाइरहेको एक अध्ययनले देखाएको छ। विश्व बैंकले गत वर्ष सार्वजनिक गरेको प्रतिवेदनले अध्ययनमा समावेश भएका करिब ५० मुलुकमध्ये सबैभन्दा सम्भावना खेर फालिरहेको देखाइएको हो।

नेपाल उद्योग वाणिज्य महासंघले आयोजना गरेको कार्यक्रममा विश्व बैंकका वरिष्ठ अर्थशास्त्री गोन्जालो भरेलाले अझै सम्भावना रहेको प्रस्तुति दिए। नेपालसँग ९.२ अर्ब डलर निर्यात गर्न सक्ने क्षमता रहेको उनको भनाइ छ।

यसलाई गत आर्थिक वर्षको निर्यातसँग तुलना गर्ने हो भने आठ गुणा बढी सम्भावना देखिएको छ। व्यापार घाटा निरन्तर बढिरहेका बेला यो अध्ययनले सम्भावना देखाएको छ। नेपालको निर्यात सम्भाव्यता विषयक कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै अर्थशास्त्री भरेलाले नेपालसँग एकै दिन विश्व व्यापार संगठनको सदस्य भएको अति कम विकसित मुलुक कम्बोडिया, लाओसजस्ता देशले निर्यात बढाउन सकेको हुँदा नेपालको समेत सम्भावना रहेको बताए।

एउटै खालको भौगोलिक अवस्था भएको लाओसको सन् १९९९ अगाडिसम्म निर्यातमा करिब आधा कृषि उत्पादन, आधा कपडा र बाँकी थोरै अंश, केही खनिज र अन्य उत्पादन रहेको उनको भनाइ छ।

यसैगरी, उनले सन् २०१९ कोभिड-१९ पूर्व ठूलो परिवर्तनका साथ निर्यातमा कृषि र कपडालाई जारी राख्दै इलेक्ट्रोनिक्स, रबर र रसायनमा आधारित वस्तुहरू, विद्युतीय ऊर्जा थप्न सफल भएको समेत बताए।

'सोही समयमा नेपालबाट कपडा निर्यात पहिलो नम्बरमा थियो। त्यसपछि मात्र कृषि र अन्य रसायनमा आधारित वस्तु थिए।

त्यसको २० वर्षपछिसम्म पनि नेपालको निर्यातयोग्य वस्तुहरू विविधीकरण हुन सकेनन्। धेरै कृषि, थोरै कपडा तर ती दुई समूहले नै निर्यातमा वर्चस्व राखेको छ,' अर्थशास्त्री गोन्जालोले भने।

नेपालको वृद्धि उत्पादकत्वको आधारमा नदेखिने भन्दै उनले नेपाली उद्योग/व्यवसायले तीव्र निर्यातमार्फत लाभ लिन नसकेको उनको भनाइ छ। न्यून परिमाणको निर्यात, सीमित देशहरूमा मात्र केन्द्रित र छोटो समयको निर्यात र न्यून बाह्य लगानी नै नेपालको मुख्य चुनौतीका रूपमा देखिएको उनले आफ्नो प्रस्तुतिमा बताए।

'न्यून बाह्य लगानी प्रवाहले वृद्धिका अवसर र उत्पादकत्व फैलाउने सम्भावनालाई समेत थप समित बनाइदियो,' उनले भने, 'किनकि, लाओस, क्याम्बोडियाजस्ता मुलुकले धेरै विदेशी लगानी आकर्षित गर्न सके, जसले देशको उत्पादन र उत्पदकत्व दुवै बढ्यो। नेपालले भने लगानी र निर्यात दुवै बढाउन सकेन।'

महासंघका अध्यक्ष शेखर गोल्छाले अर्थतन्त्र विप्रेषणरूपी एउटा मात्र इन्जिनबाट चलेकाले सावधानीपूर्वक समग्र निर्यात प्रवर्द्धनमा काम गर्नुपर्नेमा जोड दिए।


## वर्गीकृत डिस्प्ले

### बीमालेख हरायो

मिति ०७९/५/२२ गते सखुवाप्रसौनीबाट वीरगन्ज तर्फ जाने क्रममा मेरो **नेपाल लाइफ इन्स्योरेन्स क.लि.**को निम्न विवरण भएको बीमालेख पत्र हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु।
**नाम थर : उदयशंकर प्रसाद चौरसिया**
**ठेगाना : सखुवाप्रसौनी–५, पर्सा**
**बीमालेख नम्बर : १०२०४३३५०**
**सम्पर्क नं.:** ९८४०३२३०२५

### बीमालेख हरायो

मिति ०७९/५/२५ गते मिर्जापुर बाट वीरगन्ज तर्फ जाने क्रममा मेरो **नेपाल लाइफ इन्स्योरेन्स क.लि.**को निम्न विवरण भएको बीमालेख पत्र हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु।
**नाम थर : रामबाबु प्रसाद यादव**
**ठेगाना : मिर्जापुर–३, पर्सा**
**बीमालेख नम्बर : १०२०२७३४८**
**सम्पर्क नं.:** ९८०७१००१४७

### राहदानी हरायो

मिति २०७९/०६/१० गते एयरपोर्टदेखि चावहिलसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।
**नाम थर : भगवान गुरुङ्ग**
**राहदानी नं. : ०७७९४९२५**
**ठेगाना : लमजुङ्ग**
**सम्पर्क : ९८४१३१२४३४**

### मोटरसाइकल हराएको सूचना

मिति २०७९/०५/११ गते का.जि.का.म.न.पा-०३ बाँसबारी गंगालाल अस्पतालको पार्किङ्ग स्थलबाट बेलुका ५:०० देखी ७:०० बजेको अन्तरालमा **Pulsar NS 200 CC** को **Pearl Metalic White** मोटरसाइकल हराएको हुदाँ फेलापार्नु हुने महानुभावहरुले निम्न ठेगानामा जानकारी गराउन हुन वा नजिकको प्रहरी चौकीमा बुझाई दिनु हुन अनुरोध गर्दछु।
**नाम** : बिकास बोहरा
**ठेगाना** : तारकेश्वर न.पा. - ०८, काठमाण्डौं
**बाईक नं** : बाग्मती प्रदेश-०२-०३६ प ७८००
**च्याचिस नं.** : MD2A36FXOMCH96303
**इन्जिन नं.** : JLXCMH91078
**फोन** : ९८६७५९२३५७

### मोटरसाईकल हरायो

मिति २०७९/६/१० गते राती अ. १:०० बजेदेखि ३:०० बजे भित्र का.जि.का.म.न.पा-४, धुम्बाराही पिपलबोट (रा.प्र.पा. कार्यालय)बाट बागमती प्रदेश ०२-०३९ प ३३३६ **GLOSS PEWTER GRAY** २०० सीसीको **NS** पल्सर मोटरसाईकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकै को प्रहरी कार्यालय वा निम्न ठेगानामा सर्म्पक गरि दिनु हुन अनुरोध गर्दछु।
**सवारी धनी : रेशम बहादुर तामाङ्ग**
**च्यासिस नं. : MD2A36FXMCH 98065**
**ईन्जिन नं. : JLXCMH24605**
**ठेगाना : गोठपानी–३, काभ्रे**
**सर्म्पक नं. ९८०३६३६७८१**

**वर्गीकृत डिस्प्लेका लागि सिधा सम्पर्क: ०१-४८११०८०, Ext. No.: १०२**
Email: **rajdhanimarketing76@gmail.com** website: **www.rajdhanidaily.com**



शुभकामना

विजया दशमी, दीपावली, नेपाल संवत् ११४३ तथा छठ पर्वको सुखद् उपलक्ष्यमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

अध्यक्ष
श्री जिबच्छ कुमार राय

उपाध्यक्ष
श्री नितु कुमारी चौधरी

बर्जु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुनसरी



वाणगंगा नगरपालिकाको राजापानी पोखरीमा शनिबार आयोजित पानीमाथि ट्र्याक बनाएर साइकल चलाउने साइकल पलांक ब्यालेन्स प्रतियोगिता । प्रतियोगितामा ४४ मिटर दूरी पार गर्दै एक प्रतियोगी । तस्बिर : रासस

नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता

# समापन प्रमुख अतिथिमा प्रधानमन्त्री देउवा

**राजधानी समाचारदाता**
काठमाडौं

राष्ट्रिय खेलकुद परिषद् (राखेप)का संरक्षक प्रधानमन्त्री शेरबहादुर देउवालाई गण्डकी प्रदेशमा असोज २८ देखि कात्तिक ३ गतेसम्म हुने नवौं राष्ट्रिय खेलकुद-२०७९ को समापन कार्यक्रमका लागि निमन्त्रणापत्र बिहीबार प्रदान गरिएको छ । राखेपका अध्यक्ष युवा तथा खेलकुदमन्त्री महेश्वरजंग गहतराजले बालुवाटर स्थित प्रधानमन्त्रीको सरकारी निवासमा प्रधानमन्त्री देउवालाई कात्तिक ३ गते पोखरा रंगशालामा हुने नवौं राष्ट्रिय खेलकुदको समापन कार्यक्रमको प्रमुख अतिथिका लाीग निमन्त्रणापत्र प्रदान गरेका हुन् ।

सो अवसरमा राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टंकलाल घिसिङ पनि उपस्थिति थिए । त्यस अवसरमा मन्त्री गहतराज र सदस्य-सचिव घिसिङले प्रधानमन्त्री देउवालाई नवौं राष्ट्रिय खेलकुदको तयारीबारे जानकारी गराएका थिए । नवौं राष्ट्रिय खेलकुदको समुद्घाटन कार्यक्रमको प्रमुख अतिथिका लागि राष्ट्रपति विद्यादेवी भण्डारीलाई असोज ११ गते निमन्त्रणापत्र प्रदान गरी सकिएको छ ।

नेपाली खेलकुद जगतको सर्वाधिक ठूलो प्रतियोगिताका रूपमा राष्ट्रिय खेलकुद प्रतियोगितालाई लिइन्छ । त्यसैले पनि यसमा राष्ट्रपति तथा प्रधानमन्त्रीको समेत सहभागिता सुनिश्चित गरिन्छ । नेपालमा राष्ट्रिय खेलकुदको सुरुवाट २०३८ सालबाट भएको छ । प्रत्येक दुई/दुई वर्षको अन्तरालमा आयोजना गर्ने भनिए तापनि घरेलु विभिन्न आन्तरिक समस्याका कारण यो सम्भव भएको छैन । जसका कारण अहिले नवौं संस्करण चलिरहेको छ । २०७९ आइपुग्दा बल्ल आठवटा राष्ट्रिय खेलकुदको संस्करण आयोजना गर्न सफल भएको छ ।

यसपटक नवौं राष्ट्रि खेलकुद प्रतियोगितालाई थप व्यवस्थित गर्न तयारी गरिएको छ । राखेपले नवौं राष्ट्रिय खेलकुदमा भाग लिने खेलाडीसहित ९ हजार बढीको बिमा गर्ने भएको छ । यो पहिलोपटक हुन लागेको हो । राखेप र राष्ट्रिय बिमा कम्पनीबीच यस विषयमा सम्झौता भइसकेको छ । खेलाडीको मात्र नभई निर्णायक, प्रशिक्षक, व्यवस्थापक, कर्मचारी तथा अफिसियलको समेत बिमा हुनेछ ।

६ हजार खेलाडी रहनेछन् । बिमा अवधि एक महिनाको हुनेछ । प्रत्येकको १० लाख रुपैयाँबराबरको बिमा हुनेछ । नवौं राष्ट्रिय खेलकुदको प्रत्यक्ष प्रसारण नेपाली टेलिभिजनमा हुने भएको छ । यस विषयमा पनि सम्झौता भइसकेको छ ।

प्रतियोगितामा विभिन्न ३६ खेलमा प्रतिस्पर्धा हुनेछ । सो प्रतियोगितामा सात प्रदेश, विभागीय टिमसहित ११ टोलीको सहभागिता हुनेछ । प्रतियोगितामा ३ सय ९३ स्वर्णपदकका लागि प्रतिस्पर्धा हुनेछ । त्यसैगरी ३ सय ९३ रजत र ६ सय कांस्य पदका लागि प्रतिस्पर्धा हुने राखेपले जनाएको छ ।

नवौं राष्ट्रिय खेलकुद गण्डकी प्रदेशका ६ जिल्लामा हुनेछ । सुटिङका लागि पोरखामा उपयुक्त स्थान भएकाले सो खेलको प्रतिस्पर्धा काठमाडौंमा नै हुनेछ । गण्डकी प्रदेशमा ११ वटा जिल्ला रहेको भए पनि ६ जिल्लामा मात्र प्रतियोगिता हुने छ । जसमा कास्की, म्याग्दी, बाग्लुङ, नवलपुर, स्याङ्जा र पर्वतमा प्रतियोगिता सञ्चालन हुनेछ । त्यसैगरी, नवौं राष्ट्रि खेलकुदअन्तर्गत पुरुष क्रिकेट त्रिवि क्रिकेट मैदान र मूलपानी क्रिकेट मैदानमा हुनेछ । पौडी पनि काठमाडौंमा सार्ने योजना थियो तर पछि पोखराको फिस्टेल एकेडेमीमा गर्ने सहमति भएको छ ।

म्याग्दीमा तेक्वान्दो, र महिला भलिबल हुनेछ । बाग्लुङमा आईटीएफ तेक्वान्दो हुनेछ । नवलपुरमा सेपाक ताक्रो र कुस्ती हुनेछ भने गोरखामा बुद्धिचालका खेल हुने बताइएको छ । स्याङ्जामा महिला फुटबल, एथलेटिक्स ट्र्याक एन्ड फिल्ड पोखरा रंगशालामा हुनेछ । महिला बास्केटबल पृथ्वीनारायाण क्याम्पसमा हुनेछ ।

शारीरिक सुगठन पोखरा सभागृह, भारोत्तोलान पोखरा उद्योग वाणिज्य संघ, रग्वी भण्डारढिल खेल मैदान, कवड्डी रन्जित पार्टी प्यालेस, खोखो पोखरा रंगशालामा नै हुनेछ । टेबल टेनिस कोल्मा बाहकोट समाज, हक्की पुरुष गौरीशंकर खेल मैदान, महिला हक्की पोखराकै गण्डकी आवासीय विद्यालय लामाचौरमा हुनेछ ।

साइक्लिङ पोखराको रानीवनमा र ट्रायथल लेकसाइडमा हुनेछ । पोखरा क्रिकेट रंगशालामा २३ असोजदेखि महिला क्रिकेट हुनेछ । २४ असोजमा उसु र फेन्सिङ हुनेछ । २५ असाजेदेखि महिला तथा पुरुष कवड्डी सुरु हुनेछ उल्लेख छ । २७ असोजमा बुद्धिचाल, महिला तथा पुरुष हक्की, गल्फ, महिला तथा पुरुष फुटबल र फुलकन्ट्याक कराते सुरु हुन्छ ।

# सन्दीपद्वारा दसैंपछि आत्मसमर्पण

**राजधानी समाचारदाता**
काठमाडौं



नाबालिग बलात्कारको आरोप लागेका राष्ट्रिय क्रिकेट टोलीका पूर्वकप्तान सन्दीप लामिछाने अझै स्वदेश फर्केका छैनन् । उनी स्वदेश फर्केनबित्तिकै प्रक्राउ गर्ने तयारीमा प्रहरी रहेको छ । उनले शनिबार सामाजिक सञ्जालमार्फत दसैंको टीकापछि स्वदेश फर्केर आत्मसमर्पण गर्ने घोषणा गरेका छन् ।

उनले आफू षड्यन्त्रको सिकार भएको भन्दै आरोप गलत भएको बताउँदै आएका छन् । २१ भदौंमा एक नाबालिगले सन्दीपमाथि बलात्कारको आरोप लगाउँदै काठमाडौंको प्रहरी वृत्त गौशालामा किटानी जाहेरी दिएकी थिइन् ।

त्यसको केही दिनमा नै अदालतले उनीविरुद्ध पक्राउ पुर्जी जारी गऱ्यो । काठमाडौं अदालतले पक्राउ पुर्जी जारी गरेपछि नेपाल प्रहरीले उनीविरुद्ध डिपयुज नोटिक जारी गरेको थियो । प्रहरीले उनलाई पक्राउ गर्न नाकामा पत्राचार गरेको छ । जहाजबाट नेपाल फर्किनेबित्तकै पक्राउ गर्न अध्यागमनको कालो सूचीमा समेत राखिएको छ ।

सन्दीपले शनिबार सामाजिक सञ्जालमा दसैंको टीकाको भोलिपल्ट स्वदेश फर्कन उल्लेख गरेका छन् । २० असोजमा स्वदेश फर्कने भएका छन् । उनले आफू निर्दोष रहेको दाबी गर्दै आएका छन् । उनले शनिबार सामाजिक सञ्जालमा पनि कानुनी लडाइँ लड्ने कुरा बताएका छन् । 'नेपालको आधिकारिक निकायमा आफूलाई सम्पूर्ण गरी आफूविरुद्ध लागेको जाहेरीविरुद्ध कानुनी लडाइँ लड्नेछु,' उनले समाजिक सञ्जालमा उल्लेख गरेका छन् । उनले किटानी जाहेरी दिएको थाहा पाएपछि सामाजिक सञ्जालमार्फत केही दिनमै स्वदेश फर्केर कानुनी लडाइँ लड्ने बताएका थिए । तर, उनी स्वदेश फर्किहालेनन् । जसका कारण सन्दीपको विषयमा चासो बढेको थियो ।

उनी ६ भदौंमा नेपाली राष्ट्रिय क्रिकेट टोलीका साथ केन्या गए । त्यहाँबाट उनी व्यावसायिक क्रिकेट खेल्नका लागि वेस्ट इन्डिज पुगे ।

उनले सामाजिक सञ्जालमा भनेका छन्, 'सबै कानुनी प्रवर्द्धक निकाय र सम्मानित अदालतले निष्पक्ष सुनुवाइ र निर्णय गर्नेमा म विश्वस्त छु । छिट्टै न्याय पाउनेमा म आशावादी छु,' उनले शुभचिन्तक तथा फ्यानहरूलाई समेत सम्बोधन गर्दै भनेका छन्, 'मेरा प्रिय शुभचिन्तकहरू म निर्दोष छु र मैले तपाईंहरूलाई कुनै गल्ती गरेको छैन भनी आश्वस्त पार्न चाहन्छु ।'

'मैले भोगेको अप्रिय अवस्थाबाट मुक्त हुन र आफूलाई निदोष ठहऱ्याउन र षडयन्त्रको सिकार साबित गर्न यो परीक्षाबाट गुज्जन म तयार छु । माथि लगाइएका सबै गलत आरोप समयको अन्तरालमा उजागर हुनेमा म विश्वस्त छु, उनले लेखेका छन् ।

उनीमाथि ५ भदौंमा काठमाडौंको एक होटलमा नाबालिगलाई पटकपटक बलात्कार गरेको आरोप लगाइएको छ । ६ भदौ बिहान होटलबाट निस्केका उनी सोही दिन टी-२० खेल्न टिमसँग केन्या गए ।

# सञ्जीव र सन्जित सम्मानित

**राजधानी समाचारदाता**
काठमाडौं

मनमैजुस्थित उमा कुङफु स्कुलले डब्लुएमएसी वर्ल्ड मार्सल आर्ट्स गेम्सका दोहोरोपदक विजेता सञ्जीव तामाङ र सन्जितकुमार राईलाई शनिबार सम्मान गरेको छ । मनमैजुस्थित मनमैजु उमा कुङफु स्कुलले विजयादशमी, तिहार र छठ पर्वको शुभकामना आदानप्रदान गर्न आयोजित कार्यक्रममा दुवैलाई सम्मान गरिएको हो । तार्केश्वर नगरपालिका मेयर कृष्णहरि महर्जन, नेपाल उमा कुङफु संघका अध्यक्ष सिद्धार्थ लामा, उमा कुङफुका प्रमुख प्रशिक्षक दीपक श्रेष्ठ, उमा कुङफु स्कुलका संस्थापक एवं प्रमुख प्रशिक्षक रमेश महर्जनलगायतले उनीहरूलाई प्रशंसापत्र र खादा प्रदान गरी सम्मान गरे । सो अवसरमा मेयर महर्जन नगरपालिका खेलकुदलाई विशेष प्राथमिता दिएर योजना अगाडि बढाउने प्रतिबद्धता व्यक्त गरे ।

स्लोभेनियमा सेप्टेम्बर २३ देखि २५ तारिखसम्म भएको प्रतियोगिताको पुरुष १८ वर्षमाथि चाइनिज फम्समा ८.३ अंक जोड्दै सञ्जीवले स्वर्ण जितेका थिए । उनले लाइट कन्ट्याक्ट पुरुष ६५ केजीमुनि कांस्य हात परेका थिए । त्यस्तै, भेट्रान पुरुष ३५ वर्षमाथि सन्जितले चाइनिज क्रिएटिभमा स्वर्ण तथा ट्रेडिसनल फम्समा कांस्य जितेका थिए । सोही अवसरमा पहिलो डान प्राप्त गर्न सफल मनीष पुटुवार, सिओन सुनुवार र निराजन मोक्तानलाई पनि प्रमाणपत्र प्रदान गरिएको थियो । उनीहरूको ग्रेडिङ नेपाल उमा कुङफु संघका सहायक प्रमुख प्रशिक्षक उद्धव थापा मगरले सञ्चालन गरेका थिए ।

# जानकी मन्दिर पुग्यो राष्ट्रिय खेलकुदको ट्रफी




**राजधानी समाचारदाता**
काठमाडौं

गण्डकी प्रदेशमा आयोजना हुने नवौं राष्ट्रिय खेलकुदको ट्रफी बिहीबार मधेस प्रदेशको राजधानी जनकपुरधाममा प्रदर्शन गरिएको छ । नवौं राष्ट्रिय खेलकुदको ट्रफी टुरअन्तर्गत मधेस प्रदेशको पवित्र धार्मिकस्थल जानकी मन्दिर परिसरमा ट्रफी प्रदर्शन गरिएको हो ।

मधेस प्रदेशका मुख्यमन्त्री लालबाबु राउत र मधेस प्रदेशका महिला बालबालिका, युवा तथा खेलकुदमन्त्री वीरेन्द्रप्रसाद सिंहलगायतको उपस्थितिमा ट्रफी प्रदर्शन गरिएको थियो ।

कार्यक्रममा मधेस प्रदेश खेलकुद मन्त्रालयका सचिव रञ्जितकुमार यादव, मधेस प्रदेश खेलकुद विभाग प्रमुख मोहमद ज्याउल इस्लाम, मधेस प्रदेश प्रशिक्षण केन्द्र उपनिर्देशक सुरेन्द्र श्रेष्ठलगायतको उपस्थिति रहेको थियो ।

ट्रफी सार्वजनिक गरेपछि बोल्दै मुख्यमन्त्री राउतले जानकीको पवित्र भूमिमा ट्रफी प्रदर्शन भएकोमा खुसी व्यक्त गर्दै नवौं राष्ट्रिय खेलकुदको भव्य सफलताका लागि शुभकामना दिए ।

'जानकीको पवित्र भूमिमा ट्रफी प्रदर्शन गरिएको छ । मधेस प्रदेशले ट्रफी ल्याओस् शुभकामना दिन चाहन्छु,' उनले भने, 'नवौंको भव्य शुभकामना दिन चाहन्छु ।' उनले १०औं राष्ट्रिय खेलकुद मधेस प्रदेशमा आयोजनाका लागि प्रयास गर्नेसमेत बताए ।

मधेस प्रदेशका खेलकुदमन्त्री सिंहले राष्ट्रिय खेलकुदको ट्रफी मधेस प्रदेशमा आउँदा आफूहरू प्रफुलित भएको बताउँदै नवौंको सफलताको शुभकामना व्यक्त गरे ।

'आज हामी प्रफुलित छौं । जानकी मन्दिरको प्रांगणमा ट्रफी प्रदर्शन गरेका छौं । राष्ट्रिय खेलकुद देशको गौरवको विषय हो । नवौंको सफलताका लागि कामना गर्छौं,' उनले भने ।

मन्त्री सिंहले नवौंमा स्वर्ण विजेतालाई ५१ हजार नगदले पुरस्कृत गरिनेसमेत बताए ।

उनले आफू आउँदा मधेसको खेलकुद दयनीय रहेको तर मुख्यमन्त्रीको सहयोगले नवौंमा २५ खेल सहभागिता गराउन सफल भएको बताए ।

ट्रफी टुर कार्यदलका संयोजक ओलम्पियन दीपक विष्टले राखेपको योजनाअनुसार ट्रफीलाई पवित्र भूमि जानकी मन्दिरमा ल्याइएको र अब ट्रफी अन्तिममा गण्डकी प्रदेशमा लगिने जानकारी दिए ।

ट्रफी टुरअन्तर्गत बिहीबार बिहान नै विश्वसम्पदा सूचीमा सूचीकृत वसन्तपुरमा प्रदर्शन गरिएको थियो ।

# गल्फर सुभाषले पाए पक्की घर

**राजधानी समाचारदाता**
काठमाडौं

नेपाल गल्फ संघले दक्षिण एसियाली खेलकुद (साग)का दोहोरो स्वर्णपदक विजेता गल्फ खेलाडी सुभाष तामाङ शनिबार उनकै पैतृक जग्गामा निर्माण गरिदिएको घर हस्तान्तरण गरेको छ । संघका अध्यक्ष टासी घलेले ललितपुर क्षेत्र नम्बर १ कोन्ज्योसोम गाउँपालिका-५ भारदेउमा सुभाषकै पैतृक जग्गामा निर्माण गरिएको सुभाष र उनको परिवारलाई हस्तान्तरण गरिएको हो । दुई आनामा बनेको घरमा तीन कोठा र भान्सा छ । सो घर निर्माणका लागि डेढ महिना लागेको संघले जनाएको छ । संघले सुभाषको घर निर्माणका लागि गल्फ आयोजना गरेको थियो । च्यारिटीबाट १५ लाखभन्दा बढी रुपैयाँ संकलन भयो ।

सुभाषले १३औं सागमा व्यक्तिगत र समूह टिममा स्वर्णपदक जितेका थिए । पहिलोपटक सागमा गल्फ समावेश गरिएको थियो । पहिलोपटक नै नेपालले स्वर्ण जितेको हो । सुभाष रहेको स्वर्ण जित्ने टिममा शुक्रबहादुर राई, निरज तामाङ र टंकबहादुर कार्की थिए ।

गल्फ संघले सुवासकै इच्छाअनुसार घर निर्माण गरिदिएको संघका अध्यक्ष घलेले बताए । उनका भाइ अर्जनले पनि गल्फ संघकै पहलमा गल्फ संघका महासचिव सिबी भण्डारीको काठमाडौं वाफलस्थित साइरिएस इङ्लिस बोर्डिङ स्कुलमा अध्ययन गरिरहेका छन् । बल ब्वाइ हुँदै गल्फका एमेच्योर खेलाडीका रूपमा सुभाष १३औं सागमा प्रतिस्पर्धा गर्न पुगेका थिए ।

सुभाषले घर ग्रहणपछि भावुक हुँदै भने 'गल्फ संघले गरेको च्यारिटी गल्फमा भाग लिने सबैलाई, गल्फ संघ र गल्फ परिवारलाई धन्यवाद ।' 'बाबुआमाका लागि पक्की घर बनाउने सपना पूरा भएकोमा उनी खुसी थिए । भारतमा रहेको एकेडेमीमा सुभाष वर्षमा ३० लाख रुपैयाँको छात्रवृतिमा प्रशिक्षण लिइरहेका छन् । नेपाल ओलम्पिक कमिटी (एनओसी)ले पनि उनलाई छात्रवृत्ति दिइरहेको छ । गल्फ संघका कोषाध्यक्ष कोषाध्यक्ष किसन अग्रवालले घर निर्माणमा २४ लाख रुपैयाँ बढी खर्च भएको र अझै केही खर्च हुने बताए । घर निर्माण च्यारिटी गल्फ प्रतियोगितामा सहभागी ७४ खेलाडीले दर्ता शुल्कबापत ५ हजार रुपैयाँ तिरेका थिए । अन्य व्यक्तिगत सहयोगसमेत प्राप्त भएको संघले जनाएको छ ।

केन्ज्योसोम-५ का वडा अध्यक्ष विजय स्याङ्तानले सुभाषका कारण वडा र गाउँपालिकाकै नाम अन्तर ाष्ट्रियस्तरमा चर्चा भएको बताए । दसैंपछि नयाँ घरमा सर्ने योजनामा रहेको सुभाषका बाबु उत्तम तामाङले बताए । अहिले उनको परिवार टहरामा नै बस्छन् ।




स्व. महेन्द्र शेरचनद्वारा स्थापित राजधानी न्युज पब्लिकेसन प्रालिद्वारा प्रकाशित तथा मुद्रित, राजधानी भवन, सरस्वतीनगर, चाबहिल, पो.ब.नं. ८०३० काठमाडौं, फोन : ४८११०८०/४८१३०२९/३०/३१/३२, E-mail : rajdhaninews@gmail.com, अध्यक्ष : नन्दा शेरचन, प्रमुख कार्यकारी अधिकृत : आशिष शेरचन, सम्पादक : सागर पण्डित